# सार्वजनिक विद्यालयमा दण्ड तथा पुरस्कारको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोतर तह (एम.एड.) दोस्रो वर्षको (५९८) आंशिक आवश्यकता परिपुर्तिको लागी प्रस्तुत शोध पत्र

## शोधपत्र

**शोधकर्ता**

नाम- सोती मंडल

क्याम्पस कमाङ्क १३९

परीक्षा रोल नं.१३०११४/०६६

त्रि.वि.वि. दर्ता नं.-९-१-१३-२२९-९९

श्री सु.स.मो.या.बहुमुखी क्याम्पस (सिरहा)
योजना तथा व्यावस्थापन विभाग
सिरहा २०७१

त्रिभुवन विश्वविद्यालय

श्री सुर्यनारायण सत्यनारायण मोरबैता यादव

बहुमुखी क्याम्पस, सिराहा

## सिफारिस – पत्र

त्रिभुवन विश्वविद्यालय श्री सुर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस, सिराहा शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यबस्थापन बिभाग स्नातकोत्तर तह (एम.एड.) द्धितीय बर्षको विद्यार्थी सोती मंडलले **'सार्वजानिक विद्यालयमा दण्ड तथा पुरस्कारको व्यवस्थापन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा रही तयार गरिएको हो । निजले मिहिनेतपुर्बक तयार पारेको यस शोधपत्रप्रति म संतुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्यांकनका लागि शोधपत्र मूल्यांकन समितीमा सिफारीस गर्दछु ।

मिती ......

..............................

श्री धर्मराज सिंह

(शोधनिर्देशक)

# कृतज्ञताज्ञापन

प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य सम्मका लागि महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव एवं हौसला प्रदान गर्नुहुने आदरणीय गुरु एवं शोध निर्देशक प्रा.श्री. धर्मराज सिंह प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोधकार्य पूर्णता दिन आवश्यक सल्लाह एवं सुझाव दिने श्रद्धेय गुरु विभागीय प्रमुख प्रा.शि.स.श्री चन्देश्वर यादब ज्यू प्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै यस अध्ययनलाई निरन्तर अगाडि बढाउन सहयोग गर्नुहुने प्रा.श्री सुरेन्द्र यादव, श्री किशोर साह, र शि.स.जितेन्द्र यादव लगायत समस्त गुरुहरु प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यस शोधकार्यको अध्ययन पुरा गर्न तथ्याङ्क आवश्यक सूचना उपलब्ध गराउने विद्यालय, प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थी एवं यस अध्ययनमा सहयोग पुर्याउनुहुने मेरो सहपाठी साथीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधक गर्न उत्प्रेरणा प्रदान गर्ने मेरो घरपरिवारका सम्पूर्ण सदस्यहरुप्रति आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा आफ्नो कार्य व्यस्तताको वाबजुत पनि टाइपिङ्गमा सहयोग पर्याउनुहुने जितेन्द्र कुमार पंडितलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**सोती मंडल**

## शोधसार

प्रस्तुत **अध्ययन सार्वजनिक विद्यालयमा दण्ड तथा पुरस्काको व्यवस्थापन** विषयमा केन्द्रित रही तयार गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य विद्यालय तहमा दण्ड र पुरस्कारको लेखाजोखा गर्नु हो ।

यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । अध्ययनको उद्देश्य प्राप्तिका लागि प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्न अर्न्तवार्ता प्रश्नावली, अवलोकन, कक्षा अवलोकनहरुको प्रयोग गरिएको थियो । यस अध्ययनलनई अगाडि बढाउन उद्देश्यात्मक नमुना छनौट विधिको प्रयोग गरिएको छ । उद्देश्य प्राप्तिको लागि सम्बन्धित जनता उ.मा.वि.भवानीपुर र श्री डोमी चौधरी उ.मा.वि.पोखरभिण्डाका र श्री .ज.न.ल.मा.वि. लक्ष्मीपुरपतारी विद्यालयमा गई प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुसँग प्रत्यक्ष भेटघाट गरी अर्न्तवार्ता प्रश्नावली मार्फत आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । प्राप्त तथ्याङ्कको आधारमा उद्देश्यनुसार छुटाछुटै शीर्षक तथा उपशीर्षकमा राखी विश्लेषण तथा विवेचना गरिएको छ ।

अध्ययनले देखाए अनुसार शिक्षा नियमावलीमा तोकिए बमोजिम बालबालिकाहरुलाई कुनै पनि प्रकारको दण्ड नदिने व्यवस्था भएपछि छनौटमा परेका विद्यालयहरुमा शारीरिक तथा मानसिक दण्डहरु दिने गरेको पाइयो । विद्यालयमा साथीभाइसँग झैझगडा गर्ने, अर्काको किताब कापि च्यात्ने, कोठाको झ्याल ढोकाको सिसा फुटाउने, विद्यालय ढिलो आउने, कक्षाकार्य तथा गृहकार्य नगर्ने, शिक्षकले भनेको नमान्ने र विद्यार्थीहरुलाई दण्ड दिने गरेको पाइयो भने पढाईमा उत्कृष्ट र अतिरिक्त क्रियाकलापका उत्कृष्ट भएमा कक्षाकार्य, गृहकार्य गरेको, शिक्षकले भनेको मानेमा पुरस्कार दिने गरेको पाइयो ।

पुरस्कार आर्थिक पुरस्कार नभई भौतिक पुरस्कार (कापी, कलम, पेन्सिल, किताब, पोशाक, झोला) दिने गरेको पाइयो । साथै शाब्दिक रुपमा उत्प्रेरणात्मक र होशलामुखी शब्दहरु बढी प्रयोग भने गरेको पाइयो । नराम्रो बानी व्यवहार गरेमा दण्ड र राम्रो काम गरेमा पुरस्कार दिने गरेको, शिक्षण-सिकाइ क्रियाकलाप गर्दा सुधारात्मक तथा सचेतात्मक रुपबाट दिइएको दण्डले विद्यार्थीहरुलाई पठनपाठन कार्यदेखि अन्य वानी व्यवहारमा सकारात्मक प्रभाव पार्नुको साथै नकारात्मक प्रभावमा शिक्षकसँग डराउने, विद्यालय छाड्ने, हिनताबोध जस्ता प्रभाब परेको पाइयो । पुरस्कारको सकारात्मक प्रभाबमा पठनपाठनमा उत्साहित, हरेक क्रियाकलापका भाग लिने गृहकार्य सधै गर्ने,

हरेक कुरामा चासो राख्ने गरेको पाइयो भने नकारात्मक पक्षमा साथीलाई हेप्ने तथा घमण्ड गर्ने गरेको पाइयो । विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्दा देखिएका समस्याहरु क्रमशः विद्यालय छोडने तथा मानसिक समस्या, प्रतिसोधको भावना, दृन्दको सिर्जना, अहमताको भावना जस्ता समस्या देखियो ।

समस्या समाधानमा दण्डमुखि शिक्षण भन्दा पुरस्कारमुखि शिक्षण सिकाइ, शिक्षक-विद्यार्थी समझदारि, अभिभावक-विद्यालय सम्बन्ध राम्रो हुनु अति आवश्यक देखिन्छ । विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन प्रभावकारी तुल्याउन स्थानीय स्तरको सुझाव सल्लाह सहित माथिल्लो निकायबाट निति बनाउनु पर्ने छ । साथै विद्यालय व्यवस्थापन समिति तथा विभिन्न सरोकारबालाहरु र विज्ञको सहयोगमा दण्ड रहित सिकाईलाई प्रोत्साहन गर्नुपर्दछ ।

## विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| सिफारिस-पत्र | | क |
| स्वीकृति-पत्र | | ख |
| कृतज्ञताज्ञापन | | ग |
| शोधसार | | घ |
| संक्षिप्त शब्दको पुरा रुप | | ङ |
| **परिच्छेद एकः परिचय** | | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ८ |
| १.६ | अध्ययनको परिसीमा | ८ |
| १.७ | सम्बन्धित शब्दको परिभाषा | ९ |
| **परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १५ |
| २.३ | साहित्य पुनरावलोकनको उपादेयता | १९ |
| **परिच्छेद तीनः अध्ययन विधी** | | |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २१ |
| ३.२ | अध्ययनको जनसङ्ख्या र नमूना छनोट | २१ |
| ३.३ | तथ्याङ्क सङ्कलन विधि तथा साधनहरु | २२ |
| | ३.३.१ अन्तर्वार्ता प्रश्नावली | २२ |
| | ३.३.२ अवलोकन फाराम | २२ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | २३ |
| | ३.४.१ प्राथमिक स्रोत | २३ |
| | ३.४.२ द्वितिय स्रोत | २३ |

३.५ तथ्याङ्क सङ्कलन विधि २३

३.६ तथ्याङ्क विश्लेषण विधि २४

**परिच्छेद चारः नतिजाको छलफल**

४.१ विद्यालयमा दिइने दण्ड र पुरस्कारका व्यवस्था २५

४.१.१ विद्यालयमा दिइने पुरस्कारको व्यवस्था २५

४.१.२ विद्यालयमा दण्डको व्यवस्था २७

४.२ विद्यालय तहमा दिइने पुरस्कार र दण्डले सिकाईमा पारेको प्रभाव ३०

४.२.१ पुरस्काले सिकाईमा पारेका सकारात्मक र नकारात्मक प्रभाव ३०

४.२.२ दण्डको सिकाईमा पारेको सकारात्मक र नकारात्मक प्रभाव ३३

४.२.३ धेरै दण्ड पाउने र पुरस्कार पाउने विद्यार्थी अध्ययन ३५

४.३ पुरस्कार तथा दण्ड व्यवस्थापनका समस्याहरु ३६

४.३.१ पुरस्कार व्यवस्थापनको समस्याहरु ३६

४.३.२ दण्ड व्यवस्थापनको समस्याहरु ३८

४.४ पुरस्कार तथा दण्ड व्यवस्थापनका देखापरेका समस्या समाधानका उपायहरु ४०

**परिच्छेद पाँचः निष्कर्ष र सुझावहरु**

५.१ निष्कर्ष ४३

५.२ सुझावहरु ४४

५.२.१ नीतिगत तह ४४

५.२.२ अभ्यास तह ४५

५.२.३ अनुसन्धान तह ४७

सन्दर्भग्रन्थ सूची

अनुसूचीहरु

## संक्षिप्त शब्दको पूरा रुप

| | |
|---|---|
| क्षे. शि .नि. | क्षेत्रिय शिक्षा निर्देशनालय |
| जि. शि. का. | जिल्ला शिक्षा कार्यालय |
| प्र. अ. | प्रधानाध्यापक |
| वि. व्य. स. | विद्यालय व्यवस्थापन समिति |
| गा. वि. स. | गाउँ विकास समिति |
| मा. वि. | माध्यमिक विद्यालय |
| वि. स. | विक्रम संवत |
| CERID | Research Center for Educational Innovation and Development |
| UNESCO | United Nations Educational Scientific and Cultural Organization |

# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको प्राचीन शिक्षा प्रणालीको अध्ययन गर्दा औपचारिक रुपरेखाबाट अध्ययन अध्यापन भएको थिएन । समाजमा हरेक प्रकारका धर्म, सास्कृतिक परम्पराहरु मूल्य मान्यताका आधारमा संचालित भएको थियो । त्यस बेला शिक्षा घरमा नै बुवा वा आमाबाट छोराछोरीले सिपहरु सिक्ने, चालचलन तथा रितरिवाज हस्तान्तरण गर्ने प्रचलन थियो । नेपालमा शिक्षाप्रणालीको विकासको कुरा गर्नु पर्दा गुरुकुल, ऋषिकुल हुदै आयो । त्यसवेला गुरुहरु नै सामाजमा शिक्षाका पथप्रदर्शक हुने गर्दथे । तोकिएको कुनै पनि पाठ्यक्रम, शिक्षणविधि नीति नियमहरु पनि थिएन, गुरुले जुन सिकायो ( जानकारी दियो) त्यही कुरा चेलाहरुले अनिवार्य गर्नु पर्ने हुन्थ्यो । त्यसैगरी बौद्ध धर्मका धर्मग्रन्थहरुलाई विधार्थीले कन्ठस्थ पारेको आधारमा नै विद्यार्थीलाई मुल्याङ्कन गरिन्थ्यो । कण्ठस्थ नगर्ने विद्यार्थीलाई कडा दण्ड दिने चलन थियो । शिक्षक सामु टकराव (झगडा) गर्ने विद्यार्थीलाई छुट गर्ने व्यवस्था थिएन ।

प्राचीनकाल पछि बौद्ध पाठशालाको स्थापना गरी बौद्ध शिक्षाको सुरुवात भएको पाइन्छ । बौद्ध शिक्षामा पनि गुरुकुल, ऋषिकुल, देवकुल एवं पितृकुल प्रणालीद्धारा शिक्षा दिने परम्परा यथावत थियो । त्यसबेला खासगरी मातृदेवो भवः, गुरुदेवो भवः, जस्ता आदर्शहरुबाट नै शिक्षा प्रदान गरिन्थ्यो । विद्यार्थीहरुले पनि गुरुको आज्ञालाई पालन गर्ने हिंसा, रिस असत्य त्यागी पवित्र भएर मात्र तपस्या सहित ज्ञान आर्जन गर्नुपर्ने चलन थियो । यसरी हेर्दा संस्कृत पाठशाला हुदै वि.स.१९१० मा जंगबाहादुरले अंग्रेजी विद्यालयको स्थापना (दरवार हाईस्कुल खोलेदेखी) अंग्रेजी शिक्षाको पनि सुरुवात भएको थियो । नेपालमा खास गरी औपचारिक शिक्षाको सुरुवात राणा प्रधानमन्त्री जंगबहादुरको पालादेखी भएपनि खासै प्रजातान्त्रिकिकरण भने वि.सं. २००७ सालपछि मात्र विकास भएको देखिन्छ । प्रजातन्त्रको स्थापना पछि धेरै मात्रामा च्याउ उम्रझै विद्यालय खोलियो त्यसलाई व्यवस्थि तगर्नको लागि राष्ट्रिय शिक्षा योजना आयोग वि.सं.२०११, सार्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग वि.सं.२०१८ को समेत गठन भई तिनीहरुको राय सल्लाह सुझावले शिक्षामा प्रजातान्त्रिकिकरणमा जोड दिएको भए पति कार्यान्वयनको प्रक्रियामा भने लागु गरिएको थिएन । जब वि.सं.२०२८

सालमा राष्ट्रिय शिक्षा पद्धतियोजना लागू भयो त्यसबेलादेखी शिक्षण प्रक्रियामा दण्डमुखि भन्दा हौसलामुखि एवम् प्रजातान्त्रिक बनाउने प्रयास गरिएको थियो । सिकाइमा बाल मनोविज्ञान तथा मैत्रीपूर्ण वातावरणको सृजना गर्नुपर्ने धारणालाई राष्ट्रिय शिक्षा आयोग वि.सं.२०४९ पछि मात्र थालनी भएको हो । यसरी समग्र रुपमा केलाउनु पर्दा नेपालको शिक्षाको इतिहासमा सिकाई तथा अध्ययन अध्यापन क्रियाकलाप शिक्षक केन्द्रित तथा नियन्त्रण मुखि भई संचालन भएको देखिए पनि यसलाई सुधार गरी प्रजातान्त्रिक र व्यावहारिक पद्धतिलाई क्रमशः अँगाल्दै आएको पाइन्छ ।

जब उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग वि.सं.२०४९ को राष्ट्रिय उद्देश्यलाई अध्ययन गर्दा “व्यक्तिको अन्तर्निहीत प्रतिभालाई प्रस्फुटन गर्ने” भन्ने भावना र भनाइमा शिक्षा प्रणालीले प्रजातान्त्रिक मूल्य मान्यता अगाल्ने प्रयासमा कमी आएको छ । जब पूर्व प्राथमिक तहपछि निम्न माध्यमिक तहमा विद्यार्थिहरु प्रवेश गर्दछन् । त्यसबेला उनीहरु केही हदसम्म परिपक्क भएका हुन्छन् । विद्यालयमा शिक्षकबाट भएका कमीकमजोरीलाई लुकाउने विद्यार्थीहरुमा प्रभुत्व दावी गर्ने, अन्य कुराको रिस पोख्ने, अध्यापन गर्दा अल्छि गर्ने कारणले गर्दा अध्ययनमा दण्डको अवस्था आएको हो । हाम्रो देशको हरेक तहका विद्यालयको अध्ययन अध्यापन कार्यमा शारीरिक दण्ड, मानसिक दण्ड दिने गरेको पाइन्छ । शरीरिक दण्डहरुमा उठवस गर्न लगाउने, लाठिले हिर्काउने, एक घण्टासम्म उभ्याएर राख्ने, मुर्गा बनाउने हरेक जनावरको जस्तो व्यवहार गर्ने लगाउने, घुडा टेकी बस्न लगाउने, जस्ता दण्डहरु प्रयोग गर्ने गरेको पाइन्छ भने मनौवैज्ञानिक दण्डमा होच्याएर बोलाउने निरुत्साहित गर्ने र भेदभाव गर्ने र नराम्रा शब्द प्रयोग गरी गाली गर्ने जस्ता दण्डहरु दिएको पाइन्छ भने पुरस्कारले विद्यार्थीको शरिरीक, मानसिक मात्र नभई हरेक क्रियाकलापमा मनोबैज्ञानिक ढंगबाट उत्प्रेरणा, हौसला दिएर प्रगति र राम्रो कार्यमा लगाउने गर्दछ । वास्तवमा भन्ने हो भने पुरस्कार धेरै प्रकारका हुन्छन् हाम्रो मानसपटलमा पुरस्कार भन्ने वित्तिकै पैसा पाउनु, मेडल, पदक पाउनु, कुनै पनि भौतिक चिजहरु पाउन भन्ने रहेको छ । तर त्यस्तो होइन कुनै पनि तर्फबाट धन्यवाद स्वाबस, अति राम्रो, धेरै राम्रो, भन्ने तथा शरीरमा हात राखी धाप मार्ने पनि पुरस्कार हो । यस्तो पुरस्कारले विद्यालयको हरेक कक्षाहरु विद्यार्थीलाईका

मानसिकता विकास गर्ने ठुलो सहयोग गर्दछ । पुरस्कारबाट शिक्षण सिकाई क्रियाकलापलाई सुधारोन्मुख गराउन सकिने कुरामा कुनै पनि विवाद छैन ।

स्किनर सन् (१९३१) मा शिक्षणको क्रममा सिकाइलाई प्रभावकारी बनाउने माध्यम, शक्ति वा तत्वका रुपमा पुर्नवललाई लिएका छन् । पुर्नवल तथा पुरस्कारले व्यक्तिको सिकाईलाई प्रेरित गर्ने गर्छ । सिकाईको मात्रा बढाउछ । नकारात्मक व्यवहारलाई हटाएर सकारात्मक व्यवहारलाई बढाउने हुनाले व्यक्तिको व्यवहार नै परिवर्तन हुन्छ । पुनरवल विद्यार्थीको लागि ठूलो सहयोग गर्ने कुरा हो । तर कक्षाकोठामा तत्काल पुर्नबल, लगातार पुर्नबल, मात्रात्मक पुर्नबल र संख्यात्मक पुर्नबल सबैको प्रयोगले व्यक्तिलाई प्रगति उन्मुख बनाउँछ । पुर्नबल विद्यार्थीहरुले गरिरहेको कार्यलाई गल्ती नगरी सुधार गर्दै थप हौसलास्वरुप प्रदान गरिने तथा गरिरहेको गल्तिको मात्रालाई घटाएर अन्तमा सुधारको पक्षमा पुऱ्याउने भएकोले यसको प्रयोग गर्नुपर्दछ । दण्ड विद्यार्थीलाइ मन नपर्ने भएकोले यसबाट विद्यार्थीहरुको प्रगति र उपलब्धिमा चाँहिने कुनै सहयोग भएको देखिदैन । दण्डले जहिले पनि दवाउने हुँदा यसको हरेक किसिमको असर विद्यार्थीहरुमा पर्दछ ।

यस्तो किसिमको दण्डबाट विद्यार्थिको शारिरिक, मनोबैज्ञानिक, संवेगात्मक एवं समाजिक पक्षमा ठूलो असर देखा पर्दछ । उता पुरस्कारबाट विद्यार्थीमा हौसला बढ्ने, मिहिनेत गर्नु पर्छ भन्ने भावनाको विकास हुने गर्दछ, त्यसकारण दण्डलाई निरुत्साहित गरी पुरस्कार र हौसलामुखी प्रजातान्त्रिक तथा उत्साहित माध्यमबाट सिकाइ क्रियाकलापलाई विद्यार्थीको चाहना आवश्यकता र आकांक्षालाई उजगार गर्ने किसिमले उनीहरुमा प्रोत्साहनको भावनामा विकास गर्न उत्तम मानिन्छ ।

बालबालिकाको हरेक विकासमा सहयोग गर्ने बालअधिकार बालसंस्थाहरु लगायत नेपालको अन्तरिम संविधान २०६३ ले पनि बालअधिकारको बारेमा उल्लेख गरेका छ । कुनै पनि ठाउँमा बालबालिकामा हुने शारिरिक तथा मनोबैज्ञानिक दण्ड गम्भीर विषय हो जो बाल्यावस्थाबाट दण्ड र दुर्व्यवहारको शिकार बनेका छन् । शिक्षकले विद्यार्थीलाई अनुशासनमुखि बनाउन दण्ड दिने हो भने उनीहरुको बानी व्योहारा तथा व्यवहार राम्रो हुन्छ, पढाइको स्तरको उच्च बनाउन सकिन्छ भन्ने भ्रमपूर्ण मान्यताको कारणले

केटाकेटीहरु शिक्षा शिक्षीकाबाट दण्डको भागि बन्नु परेको छ । पठनपाठन कार्यमा शिक्षकको महत्वपूर्ण भूमिका हुने भएकोले अध्ययन अध्यापनको क्रममा हरेक वैकल्पिक प्रयासका माध्यमले बालबालिकाको शारीरिक, मानसिक तथा संवेगात्मक पक्षलाई मध्यनजर गरि राम्रो वातावरणको सिर्जना गरि तथा पुरस्कार मुखि, उत्साहित सम्बलनको माध्यमले अध्यापन गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।

यसरी पूनर्बलको सहयोग स्वरुप पुरस्कार पाउने भएकोले यिनीहरु दुबैको प्रयोग गरी वर्तमान अवस्थामा विद्यालय तहमा दण्ड र पुरस्कार तथा पूनर्वलको प्रयोग गर्ने वा नगर्ने कुरालाई हेर्नुपर्ने भएकोले अध्ययन गर्नु जरुरी रहेको छ । वर्तमान अवस्थामा हाम्रो देशको विद्यालयहरुको कुरा गर्ने हो भने शान्ति वा विद्याको मन्दिर मानिने विद्यालय तहमा नीजी विद्यालयमा दण्डको प्रयोग धेरै भएको साथै सामुदायिक विद्यालयमा पनि दण्डको नै बढी प्रयोग गर्ने खबर यदाकदा आइरहेको पाइन्छ । त्यसकारण वर्तमान अवस्थामा विद्यालय तहमा दण्ड र पुरस्कारको अवस्थाको अध्ययन गर्न यो खोज गरिएको हो ।

## १.२ समस्याको कथन

सार्वजनिक विद्यालयमा पढाईको स्तरको मुल्यांकन गर्नको लागि दिईने दण्ड र पुरस्कारको भुमिका के कस्तो छ भन् कुरा पता लगाउनको लागि यो शिर्षक छानिएको छ तर यो कुरो व्यवहारीक वनाउनको लागि एउटा खाडलको रुप लिएको छ । जसलाई रोक्नको लागी यो अनुशन्धान गरिएको छ । अध्ययनका कारण सार्वजनिक विद्यालयमा दण्ड र पुरस्कारले के कस्तो प्रभाव पार्दछ भन्ने कुरा पता लगाउनु हो ।

वर्तमान एक्काइसौं शताब्दीमा हाम्रो देशका लाखौं बालबालिकाहरु लगायत अधिकांश मानिसहरु शिक्षाको उज्यालो घामबाट टाढा रहेका छन् । हातमा / भ्mोलामा कापि, किताब, कलम बोकेर विद्यालयको रमाइलो वातावरणमा हुर्कनु, खेल्नु, रमाउनु पर्ने केटाकेटीहरु जंगलमा घाँस, दाउरा, धारा, पँधेरा, ग्वाला, खेतिपाती, श्रम, भरिया इत्यादिहरुमा बाल्यकाल बिताउन बाध्य भएका छन् । उनीहरुमा आफनै किसिमको दुःख ब्यथा रहेको छ । यसो हुनुमा विभिन्न कारणहरु छन् जस्तै, आर्थिक, समाजिक, पारिवारिक, सांस्कृतिक, भौगोलिक आदि रहेका छन् । उनीहरुको तुलनामा विद्यालयमा पढन पाएका विद्यार्थिहरु निश्चय रुपमा भाग्यमानी छन् । तर पनि अध्ययन गर्न पाएका बालबालिकाहरु स्वतन्त्र रुपमा होइन मानसिक दवावको कारण अनुशासनको नाममा दण्डित भएका छन् भने कतिपय पुरस्कृत हुने पनि गरेका छन् । एउटै विद्यालयमा फरक किन? विद्यालयमा दण्ड दिने पुरानै संस्कार किन भेटिएको छ त ? तथा पुरस्कृत गर्न वर्तमान संस्कार किन

फैलिन सकेन भन्ने कुरा खोजी गर्नु यस्ता घटनाहरु वारम्वार समाचारमा आउने गरेको परिप्रेक्ष्यमा यो शीर्षक उठान गरिएको छ ।

बालबालिकाको हरेक पक्षको विकासको लागि अध्ययन अध्यापन कार्यमा दण्ड र पुरस्कारले के कस्तो असर प्रभाव पारेको छ र यसले दिर्घकालीन रुपमा के असर वा उपलब्धी पुऱ्याउँदैछ भन्ने कुरा अध्ययनको विषय बन्न पुगेको छ । दण्ड र पुरस्कारले हरेक विद्यार्थिको शारीरिक, मानसिक, संवेगात्मक एवंम सामाजिक पक्षको विकासमा प्रभाव पार्ने भएकोले सार्वजनीक विद्यालयमा दण्डको खोजि गर्नु आवश्यक देखिन्छ । हाम्रो देशको विद्यालयमा दण्डको नाममा नराम्रो विकृति बिसंगतिहरु उत्पादन भएका छन् भने पुरस्कारकोनाममा पनि भेदभावपूर्ण व्यवहार गरिने कारणले विसंगति छ तर पनि दण्डभन्दा पुरस्कारमा केही सुधार छ । जसले गर्दा शिक्षक विद्यार्थी सम्बन्ध, शिक्षक अभिभावक सम्बन्ध तथा विद्यालय र समुदायबीचको सम्बन्धमा समेत प्रश्न चिन्ह खडा गरेकोले शिक्षण पेशा चुनौतीपुर्ण तथा खतराको-अवस्थामा देखापरेकोछ । कतिपय समय र अवस्थामा दण्ड र पुरस्कारले विद्यार्थीमा गम्भीर किसिमका परिणामहरु सृजना भएाके देखिन्छ र विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यमबाट सुन्नमा आएको छ । त्यसकारण यस अध्ययन शीर्षक पनि सम्बन्धित क्षेत्रको समस्याको पहिचान तथा निराकरणको लागि मेरो अध्ययनको छनोटमा परेको हो । हुन त बालबालिकाको अधिकांश समय घरपरिवार अभिभावकसंग विताउँछन् । औपचारीक शिक्षाको लागि विद्यालयमा पाँच घण्टा बिताउँछन् । समय थोरै भएपनि बालबालिकाको सिकाइको लागि विद्यालय नै बढी प्रभावकारी मानिन्छ । त्यसो भएकोले उसलाई विद्यालयमा राम्रो वातावरण दिई उसको चौतर्फी विकासमा टेवा पुऱ्याउनु पर्छ । यसलाई माया, ममता, स्नेहका साथ हौसला पुर्ण वातावरणमा समायोजन गराई शैक्षिक उन्नतिमा अगाडि ल्याउनुपर्छ जसले सफल र सबल नागरिक बन्न मदत गरोस् ।

यस अध्ययनले विद्यालय तहमा अध्ययन गर्ने बालबालिकाहरुको शिक्षण सिकाईमा दण्ड र पुरस्कार के कस्तो प्रभाव पारेको छ । दण्ड र पुरस्कार के कस्ता छन भने निष्कर्ष निकाल्न सहयोग गर्नेछ । यस अध्ययनले दण्ड र पुरस्कारले सिकाइमा कस्तो प्रोत्साहन गर्छ वा गर्दैन ? सिर्जना गर्ने समस्याहरु वा बिकृतिहरु के के हुन सक्छन् ? दण्ड र पुरस्कारले शिक्षक विद्यार्थी, विद्यार्थी विद्यालय र अभिभावक शिक्षक सम्बन्धमा कस्तो असर वा फाइदा

पुऱ्याउँछ ? आदि प्रश्नहरुको जवाफ खोज्न यस अध्ययनको शिर्षक विद्यालय तहमा दण्ड र पुरस्कार राखिएको छ । किनकी दण्डपूर्ण तरिकाबाट अध्ययन अध्यापन गराउँदाको अवस्थामा बास्तविक के उपलब्धि हुन्छ वा नोक्सान हुन्छ र पुरस्कारबाट सिकाई के कस्तो प्रभावकारी हुन्छ भन्ने प्रभाव वा उपलब्धि सम्बन्धी पुरा जानकारी प्राप्त गर्नको समस्याको निराकरण गर्न नै यस शिर्षकलाई समस्याको रुपमा लिएको छ ।

## १.३ अध्ययनको औचित्य

मेरा अध्ययनले सिरहा जिल्लामा पर्ने तीनओटा माध्यमीक विद्यालय जनता उ.मा.वि.भवानीपुर , श्री डोमी चौधरी उ.मा.वि.पोखरभिण्डाका र श्री .ज.न.ल.मा.वि. लक्ष्मीपुरपतारीका बालबालीकाहरुलाई दण्ड दिदा गृहकार्य नगर्ने, कक्षा छोडने र पुरस्कार दिदा चासो राख्ने गरेको पाइयो ।

वर्तमान समयमा दण्ड र पुरस्कारले गर्दा शिक्षक-विद्यार्थी, विद्यालय अभिभावक बीच सम्बन्धमा कमी हुँदै गइरहेको छ । यसले गर्दा विद्यालय र समुदायबीच सरसहयोगमा कमी हुँदै आएको देखिन्छ । दण्ड र पुरस्कारले गर्दा विद्यार्थीमा सिकाइप्रतिको रुचिमा कमी आई विद्यालयप्रति केही मात्रामा सकारात्मक भए पनि बढी मात्रामा नकारात्मक दृष्टिकोण बनेको छ । यस्तो अवस्था सिर्जना भएमा भविष्यमा सार्वजनिक विद्यालयमा विद्यार्थीले अध्ययन गर्ने छोड्ने वा कमि हुँदै जाने डरले भयावह स्थिति सिर्जना हुने देखिन्छ । मनौवैज्ञानिक एवम् पुरस्कार र प्रोत्साहनमुखी शिक्षा प्रणलीको प्रादुर्भाव भइराखेको समयमा हाम्रो देशका विद्यालयमा पुरानै प्रवृत्तिवाट हुने शिक्षणको अध्ययन अध्यापनमा दण्डको बढी प्रयोग र पुरस्कारको कम प्रयोग र पुरस्कारको वा प्रयोग वा प्रयोग नै नहुने गरेको पाइन्छ ।

यसबाट विद्यार्थीको सिकाइ प्रक्रियाको विकासमा अप्ठ्यारो पार्ने गर्दछ त्यसैले दण्डको प्रयोगमा कमी र पुरस्कारको प्रयोगमा वृद्धि ल्याई विद्यार्थीलाई सिर्जनशील वातावरण तथा माया, ममता र स्नेहका साथ अध्ययन गर्नु चुनौतीपूर्ण देखियो । यस्तो चुनौतिपुर्ण

समस्यालाई छिचोल्दै विद्यालय जस्तो पवित्र संस्था जहाँ बालबालिकाको भविष्य निर्माण हुन्छ त्यहाँ बालमैत्रीपूर्ण वातावरणमा शिक्षण गर्नुपर्ने । दण्ड मुखी होइन हौसलामुखी वातावरण सृजना गरी विद्यार्थीको हरेक बानी व्यवहारदेखि शैक्षिक उपलब्धी उकास्न दण्ड र पुरस्कारको उचित व्यवस्थापन गर्नु पर्ने दायित्व विद्यालयको हो भनी सम्भिनु महत्वपूर्ण हुन्छ । शिक्षक, विद्यार्थी, अभभिवाकको समबन्ध पनि नङ र मासुको जस्तै हुनुपर्छ । ताकि हरेक काममा कुनै बाधा अड्चन पुगेन । यस

अध्ययनले शिक्षक, विद्यार्थी, अभिभावकका साथै विद्यालयमा दिइने दण्ड र पुरस्कारको व्यवस्थापन समन्वय र सहकार्यबाट सबैको राय, सल्लाह, सुझाव सहित गर्दा उपयुक्त हुन्छ भन्ने धारणात्मक विकास गराई अगाडि बढ्न सहयोग पुरयाएको छ। साथै दण्ड तथा पुरस्कारबाट पर्ने सकारात्मक वा नकारात्मक प्रभावबारे पनि ज्ञान दिनु महत्वपूर्ण मानिएको छ।

मनोविज्ञानमा आधारित भई शिक्षण गर्ने दण्ड र पुरस्कारको सम्बन्धमा तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकतासँग औचित्य राख्दछ। शिक्षा मन्त्रालय तथा नीति निर्माताहरुलाई विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको बेलामा दिने, दण्ड र पुरस्कार कस्तो प्रकारको दण्ड दिंदा कस्तो नतिजा र पुरस्कार दिंदा कस्तो नतिजा आउँछ भन्ने पत्तालगाई दण्ड र पुरस्कार सम्बन्धि नीति नियम बनाउने कुरासँग औचित्य राख्ने आशा गरिएको छ। साथै भविष्यमा यस्ता किसिमका समस्याहरु उठान अध्ययन अनुसन्धान गर्न अनुस्धान कर्तालाई विभिन्न किसिमका सूचना संकलन गरी अहिले र त्यसबेलाको अध्ययनको तुलना गरि विद्यमान ज्ञानमा थप योगदान पुर्याइ अध्ययन अनुसन्धान गर्न सहयोग पुर्याउने अपेक्षा गरीएको छ।

विद्यार्थीको शिक्षण सिकाई क्रियाकलापमा शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.को प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध हुन्छ। जसमा खासगरी दण्ड पुरस्कारको प्रयोग गर्ने प्रत्यक्ष जिम्मेवारी शिक्षक भएकोले यस अध्यापनबाट प्राप्त नतिजाबाट पुरस्कार वा दण्ड कुन विधि अपनाउँदा कस्तो/असर पर्दो रहेछ, कुनको प्रयोग गरि शिक्षण गर्दा वा विद्यार्थीको समस्या समाधान गर्न बढी उपयोगी हुँदो रहेछ भन्ने जानकारी गराउन यसले महत्वपूर्ण योगदान

गरीएको छ। साथै दण्ड र पुरस्कारबाट सबै सरोकारवालाको धारणा पात्तालगाई भविष्यमा यसको बुझ्ने सबैलाई सहयोग पुर्याउने आशा लिएको छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुअनुसार रहेकाछन्

१. विद्यालय तहमा दिइने दण्ड र पुरस्कारको लेखाजोखा गर्नु।

२. विद्यालय तहमा दिइने पुरस्कारले सिकाइमा पारेको प्रभाव पत्ता लगाउनु।

३. विद्यालयमा दिइने दण्ड र पुरस्कार व्यवस्थापनमा देखिएका समस्याहरु पत्ता लगाउनु

४.	विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापनमा देखिएका समस्याहरु समाधानका उपायहरु खोजि गर्नु ।

### १.५	अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनलाई अगाडि बढाउनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरुराखिएको छ :

१.	विद्यालय तहमा शिक्षण सिकाइ गर्दा दण्ड र पुरस्कारका भुमिका कस्तो रहन्छ ?

२.	दण्ड/पुरस्कारले बालबालिकामा नकारात्मक प्रभाव वा सकारात्मक प्रभाव कस्तो प्रभाव पार्छ ?

३.	दण्ड र पुरस्कारले देखाएका समस्याहरुको समाधानका उपायहरु के-के हुन् सक्छन्?

### १.६	अध्ययनको परिसीमा

हरेक अध्ययन अनुसन्धानका आ-आफनै सीमा हुन्छन् । प्रस्तुत अध्ययन विद्यालय तहका दण्ड र पुरस्कारको अवस्थाको विषयमा आधारित रहेको छ । उपलब्ध सीमित स्रोत

साधन, समय र आर्थिक स्थितिलाई समेत ध्यानमा राखि यस अध्ययनको परीसीमा निर्धारण गरेको थियो । विद्यार्थीको शिक्षण सिकाइमा दण्ड पुरस्कारको के स्थान हुने भन्ने विषयमा अध्ययन केन्द्रित गरिएको छ । यस अध्यययनको परिणामले सबै ठाउँमा प्रतिनिधित्व गर्न नसके पनि केही निश्चित ठाउँमा एउटा मार्गदर्शनका रुपमा ज्ञान उपलब्ध गराउन सक्नेछ । विद्यालय तहमा बालबालिकाको सिकाइमा दण्ड र पुरस्कारको अवस्थाको बारेमा, त्यसले पारेको सकारात्मक र नकारात्मक प्रभावले गर्दा देखिएका समस्याहरु विद्यार्थी शिक्षक, विद्यालय विद्यार्थी अभिभावक, शिक्षक अभिभावकको सम्बन्धबारे जानकारी गराउन सकेको छ ।

खास गरि यस अध्ययन सिरहा जिल्लाको तीन ओटा गा.वि.स.मा रहेका ३ सार्वजनिक विद्यालयमा केन्द्रिय रही उक्त ३ ओटा विद्यालयका ८/८ जना विद्यार्थी, १/१ जना प्र.अ., शिक्षक

शिक्षिका ६/६ जना छनौटमा परेका विद्यार्थीका अभिभावहरुमा सिमित गरिएको छ । साथै कक्षा अवलोकनका लागि छनौटमा परेका विद्यालयमा शिक्षक एवंम विद्यार्थीहरुमा सिमित गरिएको छ ।

## १.७ सम्बधित शब्दको परिभाषा

**माध्यामिक विद्यालय :** कक्षा ९-१२ सम्म पढाइ हुने विद्यालयलाई माध्यमिक विद्यालय भनिन्छ ।

**सार्वजनिक विद्यालय :** नेपाल सरकारबाट नियमितरुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सार्वजनिक विद्यालय भनिन्छ ।

**बालमैत्री विद्यालय :** विद्यार्थीको रुचि, इच्छा, आकांक्षा र चाख अनुसार शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । अधिकारी (२०६८)

**दण्ड :** कक्षा कोठा भित्र शिक्षकद्धारा दिइने शारीरिक एवम् मानसिक रुपमा मनोवल गिराउने तत्वलाई दण्ड भनिन्छ ।

**पुरस्कार :** कुनै पनि विद्यार्थीले प्रगती गरेवापत् दिइने होसला वा उत्प्रेरणा बढाउने तत्वलाई पुरस्कार भनिन्छ ।

**अध्ययन अध्यापन :** विद्यालयको कक्षाकोठामा गरिने शिक्षक र विद्यार्थी बीचको क्रियाकलापलाई अध्ययन अध्यापन क्रियाकलाप भनिन्छ ।

**सरोकारवाला :** विद्यार्थी, शिक्षक, प्रधानाध्यापक तथा अभिभावक लगायत शिक्षा सम्बन्धी चासो राख्ने सम्पूर्ण व्यक्तिहरुलाई सरोकारवाला भनिन्छ ।

**प्रभाव :** दण्ड र पुरस्कारले विद्यार्थीको दैनिक उपस्थिति, शिक्षक विद्यार्थी सम्बन्ध विद्यार्थी-विद्यार्थीसम्बन्ध, विद्यार्थीहरुको उपलब्ध, सिकाइमा रुचि आदिलाई प्रभाव भनिन्छ ।

## परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन गर्न लागिएको विषयमा यस अगाडि कुनै व्यक्ति, संस्था वा निकायबाट शोध अध्ययन भएको वा नभएको भएको भए शोध अध्ययनले जानकारीमा ल्याएका तथ्यपुर्ण कुराहरु के-के हुन् ? उक्त अध्ययनले प्रकाशमा ल्याउन नसकेका विषयबस्तुहरु के-के हुन् ? सो अध्ययनको विषयसंग सम्बन्धित लेख रचना, राय नियम आदिका विषयमा समीक्षा गर्ने, विश्लेषण गर्ने र पुनरावलोकन गर्ने कार्य नै पूर्व कार्यको पुनरावलोकन हो । यसबाट शोध अध्ययनकर्तालाई अध्ययनको विषयमा गहनता र महत्वबोध गर्न सहयोग पुग्दछ । यस अध्ययनको शीर्षक संग केहि हदसम्म सम्बन्धीत पुर्व कार्य अध्ययन स्रोतको अध्ययन गर्दा विभिन्न व्यक्तिहरुले पुरस्कार र दण्ड को बारेमा निम्न धारणा राखेका छन् । यस अध्ययनसंग सम्बन्धित पूर्व साहित्यको समीक्षा निम्नानुसार गरिएको छ :

घिमिरे (२०६६) अभिभावक तथा शिक्षकबाट बालबालिकाहरु किन दण्डित हुन्छन् ? बालबालिकाहरुलाई शिक्षित तथा सभ्य बनाउन अनुशासंन आवश्यक भएको पाइयो । बालबालिका माथि शासन लादेर दण्ड दिइएमा बालबालिकामा सकारात्मक असर पर्नुको सट्टा नकारात्मक असर पर्दछ भन्ने कुरामा अभिभावक तथा शिक्षकहरु सचेत हुनु पर्ने,

बालकलाई भौतिक तथा मानसिक हानी नहुने गरी अनुशासनलाई उपयोग गर्नुपर्दछ । अधिकांश शिक्षक तथा अभिभावहरु अनुशासन तथा दण्ड एउटै कुरा हो भनेर उपयोग गर्ने गरेको पाइयो । तर वास्तविकता के हो भने जहाँ दण्डको आधारमा बालबलिकालाई अनुशासनको शिक्षा दिइन्छ, त्यहाँ त्यसले उनीहरुलाई बिगारिरहेको हुन्छ । दण्डको आधारमा बालबालिकाहरुलाई अनुशासन सिकाउनु भनेको शाक्तिको दुरुपयोग गर्नु हो । बालबालिकाहरुलाई दिइने शारिरिक तथा मानसिक दण्ड संसारमा प्रायः जसो सबै राष्ट्रहरुको साझा समस्या रहेको छ । बालबालिकाका लागि राष्ट्रिय तथा अन्तराष्टिय

स्तरमा विभिन्न गोष्ठी, सेमिनार, सम्झौता, नियम आदि संचालन भइरहेका छन् । तर एउटा बालक हरेक स्थानमा दण्डित भइरहेको हुन्छ । जस्तै घरमा, स्कुलमा, कार्य गर्ने स्थानमा, छिमेकीमा आदी । बालअधिकारका नाराहरु, भाषणहरु सरकारी तथा गैर सरकारी संस्थाहरुले कसरी बालदण्ड रोक्ने भन्ने उद्देश्यमा संचालन भएर पनि दण्ड यथावत छ । संसारका बालबालिकाहरु अनुशासित बन्ने नाममा दण्ड भोगिरहेका छन् (घिमिरे, २०६४) ।

माथि उल्लेखित कुराहरुबाट के भन्न सकिन्छ भने दण्ड सम्बन्धी विभिन्न नियम कानुन शिक्षा नियमावली, विभिन्न संघ संस्थाहरुले दण्ड दिनु अनुचित रअपराधजन्य कार्य हो जसले सकारात्मक भन्दा नकारात्मक प्रभाव बढी पार्दछ भन्ने कुरा उल्लेखत गरेपनि, नियमकानुन बनाए पनि वर्तमान समयसम्म आउँदा पनि व्यवहारमा लागु हुन सकिरहेको छैन । जसले गर्दा बालबालिकाहरु दण्ड भोग्न बाध्य छन् जुन नराम्रो कार्य मान्न सकिन्छ ।

सेरिड सन (१९८६) का अनुसार तनावपूर्ण वातावरणमा शिक्षण गरेको खण्डमा धेरै विद्यार्थिहरुले पढ्न छोडेको समस्या देखिन्छ, शिक्षकहरुद्वारा विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुले शिक्षक तथा विद्यालयप्रति नकारात्मक धारणको विकास हुने गर्दछ । जसको कारण विद्यालय जान नमान्ने, कक्षामा डरले चिन्तित हुने पक्षको विकास नहुने हुन्छ । कक्षाकोठामा दण्डलाई अनावश्यक भएको ठहर गरिएको पाइएको छ । जसलाई निरुत्साहित तथा कम गर्न शिक्षकले विभिन्न दण्डरहित विधि तथा प्रविधको प्रयोग गर्नुपर्ने कुरा उल्लेख भएको पाइनछ ।

सिकाइ दण्डमुखी नभई पुरस्कारमुखी र हौसलामुखी हुन जरुरी छ । जसले उनीहरुको शिक्षण सिकाई बाल मैत्री वातावरणमा सम्मपन्न भई नकारात्मक धारणाको विकास नभई सकारात्मक धारणाको विकासमा टेवा पुग्न सकोस् ।

बोहोरा (२०६५) का अनुसार “प्राथमिक विद्यालयको कक्षा शिक्षणकमा दण्डको अवस्था” भन्ने शोधपत्रमा विद्यालयमा विद्यार्थिहरुलाई दण्ड दिनु प्र.अ., शिक्षकहरु तथा अभिमावकहरुको अनुचित कार्य हो । त्यसकारण शिक्षकले शिक्षण गर्दा दण्डको आवश्यकता नभएको कुरा उल्लेख गरिएको छ । साथै कुनै पनि व्यक्तिले गरेको कार्य प्रति खूशी भएर उसलाई थप हौसला दिने गरी दिइने मनोभावनागत पुरस्कार शाब्दिक व्यवहारबाट प्रदान

गरिने धन्यवाद, स्यावास, धेरै राम्रो, राम्रो अझै प्रयास गर भन्ने शरीरमा हात राखी धाप मार्ने, माया, ममता देखाउने जस्ता बोलीबचन तथा व्यवहारलाई मनोबैज्ञानिक हिसाबबाट बलियो पार्ने कुरा नै पुरसकार हो ।

बालबालिकालाई दण्डमुखी शिक्षण गर्नु हुदैन भन्ने कुरा उल्लेख हुँदाहुँदै पनि दण्ड दिइन्छ । वास्तवमा भन्ने हो भने दण्ड दिनु अनुचित कार्य नै हो । बालबालिकाहरुको व्यक्तिगत, सामाजिक, मनोबैज्ञानिक हिसाबबाट वोलिचाली तथा व्यवहारको विकास गर्न दण्ड होइन पुरस्कार शक्तिशाली र बलियो माध्यम हो ।

पुरस्कारले व्यक्तिलाई सन्तुष्टि प्रदान गर्दछ भने दण्डले असन्तुष्टि पैदा गर्दछ । पुरस्कारले मानिसलाई निरन्तर कार्यमा लागि रहन मद्दत पुऱ्याउँछ । सिकाइको नकारात्मक व्यवहारलाई कम गरी सही व्यवहार निर्माणमा दण्डले पनि उतिकै भूमिका खेल्दछ तरपनि दण्डको भन्दा पुरस्कारको प्रभाव बढी हुन्छ । तसर्थ सिकाइमा दण्डको भन्दा पुरस्कारको धेरै प्रभाव पर्दछ । जसले शिक्षण सिकाई क्रियाकलापलाई सक्रियतापूर्वक सहभागी बन्न उत्साही गराउने, सिकाइलाई दिगो बनाउन प्रमुख बनाउन प्रमुख भुमिका रहेको हुन्छ । (थर्नडाइक, सन् १९३०, खनाल, २०६६ बाट उद्धत)

बालबालिकाको हरेक क्रियाकलापमा दण्ड भन्दा पुर्नवलको भूमिका बढी रहने गर्दछ । उसलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागी बनाउन र सिकाई दिगो बनाउन

दण्ड भन्दा पुरस्कारको भूमिका अग्रीम रहेको स्पष्ट छ । जसमा पुरस्कार आर्थिक नभई भौतिक, मनोबैज्ञानिक, उत्प्रेरणात्मक पनि हुन सक्छ ।

सेभ द् चिल्ड्रेन सन् (२००९) का अनुसार सजायले बालबालिकामा नकारात्मक प्रभाव परेको छ । सजायको बालबालिकाको शारीरिक, मानसिक तथा ज्ञानात्मक विकासमा असर परिरहेको छ । अतः सजायप्रतिको अवधारणात्मक स्पष्टता र दण्डरहित, भयरहित शिक्षण विधिबारे शिक्षकहरुलाई निपूर्ण बनाउनु पर्दछ । पुरस्कृत गरे बालबालिकामा सकारात्मक प्रभाव पर्दछ । तसर्थ पुरस्कृत गर्नलाई खर्च गरेर कुनै पनि चीज, वस्तु दिनुपर्दछ

भन्ने छैन । विद्यार्थीहरुलाई स्वाबासी, धन्यवाद, प्रशंसाले सकारात्मक कुरामा जोड दिनुपर्दछ । यो कुरा शिक्षकहरुले आत्मसात् गर्न सकेमा सकारात्मक परिवर्तन हुन सक्दछ ।

नेपाल (२०६६) का अनुसार सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन भन्ने शोधपत्रमा संस्थागत शिक्षकहरुले स्किनरको सिकाईको सिद्धान्तमा विद्यार्थीको आदत तथा अनुशासनले सिकाइमा विद्यार्थिलाई प्रोत्साहन गरी शिक्षण गर्ने गरेको उल्लेख छ । तर सामुदायिक विद्यालयमा शिक्षकहरुले भने स्किनरको सिद्धान्त विद्यार्थीलाई अनुशासनमा राख्न, खराब आदत हटाउन र प्रोत्साहन गरी पढाउन प्रयोग गर्न नसकेको र पुरस्कारको प्रयोग गर्दै नगरेको पाइयो । सामुदायिक विद्यालयका शिक्षकहरु विद्यालयमा नियमित नहुने, मेहनत गरेर नपढाउने, कक्षा शिक्षण गर्दा पढाउने इमान्दार र योग्य शिक्षकको पनि सहि मूल्याङ्कन नहुने प्रशंसा तथा पुरस्कारको व्यवस्था नभएकोले उनीहरुमा निरासा छाएर मेहनत गर्न छोडी शि्क्षण सिकाई कमजोर भएकोले विद्यार्थीको नतिजा पनि कमजोर आएको कुरा उनको निष्कर्ष पाइएको छ ।

माथि उल्लेखित समिक्षाबाट के भन्न सकिन्छ भने विद्यालयमा विद्यार्थिहरुलाई विद्यालयको निति नियमको पालना गर्ने कुरातिर अभिप्रेरित गर्नुपर्ने देखिन्छ । साथै मेहनत गरी पढाउने शिक्षकको कदर गरी झन उत्साहित गर्ने र मिहिनेत गर्ने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरी मेहनत नगर्नेलाई सिकाइप्रति उत्प्रेरणा जगाउने कार्य शिक्षकले गर्नुपर्ने देखिन्छ ।

आचार्य (२०६६), हाम्रो विद्यालयमा दण्ड र पुरस्कारको अवस्था कस्तो छ ? भन्ने लेखमा विद्यालयमा दण्ड पनि आवश्यक छ ताकि त्यो दण्डले नोक्सान भन्दा नाफा पुगोस् । जे जति दण्डको व्यव्स्थाबाट शिक्षण गरिन्छ, त्यति नै पुररुकारमुखी व्यवस्थाबाट शिक्षण गर्नु उपयुक्त हुँदैन । तर नीजि विद्यालयमा ९० प्रतिशत दण्ड र १० प्रतिशत जति चाहि पुरस्कारमुखी प्रक्रिया अपनाएर शिक्षण गरेको पाइन्छ । शिक्षकले विद्यार्थीलाई दिएको यातनबाट नै विद्यार्थीले विद्यालय छाडेका घटना छनु तर पुरस्कार दिएर विद्यार्थी विद्यालय जान्छु भनेका रेकर्डहरु पाउने कमै देखिन्छ । पुरस्कार विद्यार्थीको हौसला बढाउने भएकोले यसलाई तदारुकताकासाथ अगाल्नु पर्दछ । तर पुरस्कारलाई अगाल्ने नाममा पक्षपातपूर्ण

व्यवहार नगरी सही क्षेत्रबाट प्रवेश गर्नु पर्नेमा सबैको ध्यान जानु आवश्यक छ । (आचार्य, २०६६)

यसरी माथि उल्लेख गरिएका विभिन्न भनाइहरुबाट विद्यालय तहमा दण्ड र पुरस्कारको अवस्थालाई हेर्दा दण्डभन्दा पुरस्कारले शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक भूमिका खेल्दछ । त्यसकारण आफ्ना बालबालिकालाई अभिभावकले हौसलापुर्ण तरिकाको राम्रो बातावरणको सृजना गरिनुपर्दछ । अधिकांश समय घरपरिवारमा विताउने भएकोले बालबालिकालाई नराम्रो कुरा नगरी सकारात्मक बानीको विकास गरी विद्यालय पठाउनुपर्छ । विद्यालयमा पनि शिक्षकले सिकाई क्रियाकलाप गर्दा विद्यार्थीलाई सहज वातावरण दिई उनीहरुलाई संकोच डर, त्रास, भयबाट भुक्त भई सहज तरिकाबाट ज्ञान आर्जन गर्न वातावरण सृजना गरिदिनु पर्दछ । जसले सिकाई दीर्घकालीन हुन सकोस, विद्यालयलाई बालमैत्री बनाउन, दण्डरहित बनाउन, शिक्षक, वि.व्य.स. तथा विद्यार्थी समेत बसी छलफल गरी सहज बातावरण तयार गर्न अनिवार्य देखिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययन कार्यलाई निचोडमा पुऱ्याउन पूर्व स्वीकृत सिद्धान्तको सहयोग लिनुपर्छ । यो एउटा जटिल कार्य हो, यसरी सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरु विश्वासनीय र वास्तविक हुन्छन्, तसर्थ मैले आफ्नो शोध अध्ययनको लागि निम्न सिद्धान्तलाई आधार मान्ने छु ।

स्किनर सन् (१९३०) ले सिकाई हुनका लागि उत्तेजना र पुनर्वल हुनुर्पछ र त्यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाउँदै सिकाई प्रक्रियालाई सफल पार्न यसको मुख्य उद्देश्य हो । उनले कार्यपरक ब्यवहार र प्रतिक्रियापरक व्यवहार गरी २ किसिमका व्यवहारहरु प्राणीहरुले गर्ने भनी उल्लेख समेत गरेकाछन् । यहाँ कार्यपरक भनेको प्राणीले गर्ने थुप्रै कार्यहरु हुन जसको कारणबाट प्राणी कुनै न कुनै काम गर्न सक्षम हुन्छ । हो प्राणी काम सिक्न सक्षम हुन्छ, क्रियाशील हुन्छ, जस्तो परीक्षामा उत्तीर्ण हुदाँ कुनै नजानेको विषय जान्नमा विद्यार्थी सक्रिय हुन्छ । स्किनरले व्यवहारपरक सिद्धान्तका लागि थुप्रै प्राणीमा प्रयोग गरे । जसमा भोको मुसालाई ध्वनिरहित बाकस निमार्ण गरी प्रयोग गरिएको थियो । भोको

मुसा बाकसभित्र घुमेपछि लिभर थिचिन्छ त्यसपछि खाना प्राप्त गर्दछ । यो कार्य पटक पटक गरेपछि मुसालाई खानाको पुरस्कार दिइन्छ र मुसो लिभर थिच्ने कलामा सिपालु हुन्छ । मुसाले बाकसभित्र गर्ने क्रियाकलाप व्यवहारपरक कार्य र उसको भोक, तिर्खा, खाना तथा पानी पुनर्वल हो

। त्यसैगरी विद्यार्थीहरु पनि कुनै कुरा सिक्नको लागि व्यवहार निर्माण आफ्नै सक्रियातामा गर्न सक्षम हुनुपर्दछ (स्कनर १९३०, शर्मा एण्ड शर्माद्वारा उद्धत, २०६७) ।

विद्यालयको सम्पूर्ण बातावरण डर र बेखुशीले ग्रसित छ । विद्यार्थीमा नकारात्मक व्यवहारको सोचले अग्रणी स्थान ओगटेको छ । कानुनी रुपमा विद्यालयमा शारीरिक दण्डलाई निस्तेज गरिएको छ । तर पनि शिक्षकहरुले विभिन्न प्रकारका दण्डहरुको प्रयोग गरिरहेको पाइएको छ । विद्यार्थीहरु डरका कारण विद्यालय छोड्ने, निरुत्साहित हुने, हिन्ता बोध हुने, सिकाइमा बाधा शिक्षमसंगको सम्बन्ध बिग्रने आदि हुनेगदर्छ । अतः यस्ता नकारात्मक प्क्षलाई हटाउन पुरस्कारको प्रयोग गरी कार्यमुलक सम्बन्ध सिकाइको अभ्यस्तताको आधारमा डरको निवारण गर्न सकिनेछ । विद्यार्थीलाई हरेक कुरामा सफलतामा पुऱ्याउन विद्यार्थीको विविधता पतालगाइ प्रत्येक व्यवहारका लागि योजनाबद्ध रुपबाट पुरस्कार वा पुनरर्वल प्रदान गर्नुपर्दछ ।

वास्तवमा भनुपर्दा व्यवहारपरक सिकाइयो सिद्धान्त भनेको मानव जिवनका समाजिक तथा व्यवहारिक क्रियाकलापसंग संलग्न छ । यसै सिद्धान्तका आधारमा मानव जिवनका समाजिक क्रियाकलाप सिकिन्छ । राम्रा व्यवहार क्षेत्रमा शिक्षकको शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको सिक्ने प्रक्रियामा तालिम लिने र दिने दुबै प्रणालीमा स्किनरको

माथि को सिद्धान्तलाई क्रान्तिकारी कदमका रुपमा मान्न सकिन्छ । शिक्षण राम्रो पार्न पुर्नवल सही रुपबाट प्रयोग गर्न सक्नुपर्छ । उतेजनाको नतिजा राम्रो भएमा मात्र सिकाई सफल हुन्छ । विद्यार्थीमा चाहेको व्यवहार परिवर्तन ल्याउँन शिक्षण सिकाइमा यस सिद्धान्तले सहयोग गर्दछ । जस्तो शिक्षकले राम्रो पढाउनु र विद्यार्थीले राम्रो पढनु । यस सिद्धान्त अनुसार पुर्नबल तालिमको राम्रो अध्ययन गरी ब्यक्तिको व्यवहार विकासका आधारमा प्रयोग गर्दा सिकाई चाडो र दीर्धकालीन हुन्छ । उक्त सिद्धान्तका अनुसार प्रयोग गर्नु हुदैन । दण्डले व्इवहारलाई दबाएर राख्छ । तर पुरस्कारले सबै सकारात्मक व्यवहार ल्याउन सहयोग गर्छ ।

त्यसैले शिक्षकले दण्ड होइन पुरस्कारको प्रयोग गरी शिक्षण गर्दा राम्रो हुन्छ । निष्कर्शमा भन्नु पर्दा शिक्षण प्रणलीलाई योजनाबद्ध बनाउन यस सिद्धान्तले ठलो योगदान दिएको छ ।

थर्नडाइक (१९३०) अनुसार प्रयत्न र भूल सिकाइको सिद्धान्तमा मुख्यकुरा दण्ड र पुरस्कारको भूमिकालाई मानिन्छ । कुनै पनि सिकाइमा दण्डको तुलनामा पुरस्कारको भूमिका बलियो हुन्छ, उनले सन् १९३० अगाडि सिकाइमा सन्तुष्टि र असन्तुष्टिका परिणामहरु बराबर र विपरीत

हुन्छ भनेका थिए तर पछि सिकाइमा पुरस्कार मात्र नभई दण्डले पनि प्रमुख प्रभाव पार्दछ भन्ने कुरा प्रमाणित गरेका थिए । उनको सिद्धान्तमा उत्तेजना र प्रतिक्रया बीचको सम्बन्धमा आधारित छ । केहि सम्बन्ध बलिया र केही कमजोर हुन्छन धेरै समयसम्मको र धेरै संखयाको प्रयत्न वा कोसिसको सम्बन्ध बलियो हुन्छ । सफल प्रयत्नले सबै असफल दोषहरुलाई हल्लाउँछ र सन्तुष्टी भित्र्याउनछ । उनले जसको प्रयोग भोको विरालोमाथि गरेका थिए । थर्नडाइकले उत्तेजना र प्रतिक्रियाको सम्बन्धबाट सिकाई हुन्छ, सिकाई प्रयत्न तथा भूलका उपज हो भनि प्रमाणित गरे । ( थर्नडाइक १९३०, शर्मा एण्ड शर्मा, २०६७ शर्मा द्वारा उदृत) ।

माथिको सिद्धान्त अनुसार प्रत्येक सिकाइमा नयाँ उतेजना, प्रतिक्रियाको सम्बन्ध स्थापना हुन्छ । सिकाइमा पुनर्वलको धारणा, पुरस्कार र दण्डको आवश्कता र महत्व सन्तुष्टि र असन्तुष्टिको अवस्था प्रयासको भूमिका, समान तत्वहरुको उपस्थिति, प्रभावको भूमिका, तयारीको अवस्था हुन आवश्यक छ । यस सिद्धान्तमा बिभिन्न नियम (अभ्यासको नियम, तयारीको नियम, प्रभावको नियम) को अलग अलग प्रयोगको सट्टा उनको सिद्धान्त प्रयत्न तथा भूल सिकाईयो समष्टिगत रुपमा मूल्यांकन गर्दा यसका प्रयोगहरु आफ्नै

प्रकारमा र आफ्नै स्तरमा पाइन्छन् । यस सिद्धान्तनुसार प्रयत्न गर भूल हटाउदै जाउ अवश्य सफल हुनेछौ भन्नु सर्वमान्य हुरा हो । शिक्षकले आफ्नो शिक्षणकार्य दवाबमूलक नभई स्वतन्त्रतामूलक रुपमा संचालन गर्नु पर्दछ ।

विद्यार्थीको प्रकृति र स्वभावनुसार दिइने कक्षा कार्य/गृहकार्य पुरस्कार युक्त भएमा त्यसको प्रभाव राम्रो हुन्छ । विद्यार्थीले गरेका गल्तीलाई सुधार्न पटक पटक प्रयत्न गर्ने मौका शिक्षकले दिनु पर्छ । सिकाईको प्रभावकारिताका लागि उत्तेजना र प्रतिक्रिया बीचको सम्बन्ध

बलियो हुनुपर्छ जसले सिकेको कुरा लामो समयसम्म सम्झिन सक्छ । शिक्षकले सिकारु त्यारी नहुँदा सम्म पर्खनु पर्छ । शिक्षकले त्यस्ता अनुभवहरु विद्यार्थीलाई दिनुपर्छ जसले तत्परताका लागि उत्साहित बनाउँछ । कस्तो सिकाईबाट विद्यार्थी सन्तुष्ट र असन्तुष्ट हुन्छन् शिक्षकले बुझेर शिक्षण गर्नु पर्छ अर्थात् कस्तो अवस्थामा पुरस्कार दिने, कस्तोमा दण्ड दिने राम्ररी बुझेर सिकाउनुपर्छ । सिकाइमा पुरस्कारको राम्रो भुमिका हुन्छ भनी ख्याल गर्नु पर्छ । जथाभावी रुपले दण्ड र पुरस्कारको प्रयोग गर्नुहुदैन । ठीक अवस्थामा पुरस्कार प्रदान गर्न उनीहरुले गरेको गल्तीलाई हटाउन सहयोग गर्नुपर्छ । शिक्षकबाट विद्यार्थीले गरेका गल्ति देखाउदै सुधार्न प्रयत्न गर्ने प्रेरणा प्रदान गर्नु पर्छ ।

समष्टीमा यस सिद्धान्तलाई "प्रयत्न र भुल" को सिकाइ भनीएता पनि नचाहिदो संवेगहरु र हतास हुने प्रवृति हटाई राम्रो अभ्यास, तत्परता र प्रभावलाई कायम राख्दा सिकाई सफल हुन्छ भन्ने मान्यतन राख्दछ ।

यसरी पुरस्कारले विद्यार्थीहरुको सिकाइलाई चाडो सिक्न सहयोग गर्ने सिकाई प्रति चाख बढाउने गर्दछ । माथीका दुई सिद्धान्तको कुरा गर्दा विद्यालयमा दण्ड र पुरस्कारको अवस्था सम्बन्धी अध्ययन गरी दण्डबाट विद्यार्थीमा देखिने अवस्थामा परेको प्रभाव र पुरस्कारबाट विद्यार्थीमा देखिने अवस्था र परेको प्रभाव नियाल्नु आवश्यक हुन्छ । कुन अवस्थामा दण्ड र पुरस्कार पाउँदछन् कस्तो प्रकारको र किन पाउँदछन् र दण्ड र पुरस्कार प्राप्त गरेपछि विद्यार्थीमा के कस्तो प्रभाव परेको छ भन्ने कुरा थाहा पाउन स्किनर र थर्नडाइक जस्चा मनोबैज्ञानिकहरुको सिद्धान्त अध्ययन गरी अध्ययन सिद्धान्तलाई पुरा गर्न काम यस अध्ययनको मुख्य लक्ष्य हो ।

विद्यालयमा दिइने दण्ड विभिन्न प्रकारका हुने गर्दछन् । खास गरी शारीरिक तथा मानसिक रुपमा दिइने दण्डले उसको व्यक्तिगत जीवनका साथै सामाजिक रुपमा पनि प्रभाव पर्दछ । जसले विभिन्न शारीरिक, मनोबैज्ञानिक, शैक्षिक समस्याहरु उत्पन्न गर्न सक्छ । बालबालिकालाई शिक्षण सिकाई क्रियाकलाप गर्दा होस् जुनसुकै काम गर्दा उसलाई दिने सम्मान, पुर्नवल आर्थिक/भौतिक होस् या मौखिक तथा उत्प्रेरणात्मक जसले उसको शैक्षिक तथा अन्य क्रियाकलापमा केहि हद सम्म नकारात्मक उपलब्धी ल्याएपनि बढि सकारात्मक

उपलब्धी हासिल गर्न उत्पेरित गरि समाजिक शौक्षिक तथा मनोबैज्ञानिक विकासमा सहयोग गर्दछ (पोखरेल, २०६६ बाट उदृत)

## २.३ साहित्य पुनरावलोकनको उपादेयता

विद्यालय तहका शिक्षण सिकाइमा दण्ड र पुरस्कारको व्यवस्थापन शीषकमा केन्दित रही सिरहा जिल्ला लक्ष्मीपुर पतारी गा.वि.स. अन्तर्गतका तीन वटा विद्यालयहरुमा गई उल्लेखित उद्देश्यहरुमा केन्द्रित रही अध्ययन गरिएको छ । यस अध्ययनको उपादेयताको सन्दर्भमा भन्नु पर्दा यो अध्ययन विषेश गरि शिक्षक र विद्यार्थीमा केन्द्रित रहेको छ । यसमा शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाई क्रियाकलाप गर्दा कस्तो विधिको प्रयोग गरी दण्डमुखी तरीकाले शिक्षण गर्छन् कि पुरस्कारमुखि शिक्षण सिकाइ गर्छ भन्ने कुरा खोतल्न खोजिएको छ । साथै बालबालिकालाई कस्तो

वातावरण सिर्जना गरिदिंदा ज्ञान हासिल गर्न सक्छन् भन्ने कुराको जानकारी दिनु यसको उपादेयता हो ।

विद्यालय तहका बालबालिकामा दण्ड र पुरस्कार दिंदा उनिहरुमा पर्ने सकारात्मक प्रभाव वा नकारात्मक प्रभाव, उनीहरुको शारीरिक, मानसिक, उत्तेजनात्मक असरको बारेमा पनि जानकारी दिनु यसको प्रमुख रहेको छ । साथै समाजिक विकास, मनोबैज्ञानिक विकास, शैक्षिक उन्नतिमा के कस्तो परिवर्तन वा प्रभाव पर्छ भन्ने कुराको पनि जानकारी दिएको छ । बालबालिकालाई दण्ड दिदा भोग्नु परेको समस्या र चुनौतिको पनि विश्लेषण गरिएको छ । साथै विद्यार्थीले कुन कुरालाई अपनाई शिक्षकले पढाउँदा चासो देखाउँछन् र सिकाई प्रभावकारि हुन्छ भन्ने कुराको जानकारी गराउनु र नयाँ-नयाँ शिक्षण सिकाई विधिको खोजिको लागि शिक्षकलाई सहयोगीको भुमिका निर्वाह गर्ने आशा गरिएको छ । विद्यालयमा

दण्ड दिदा विद्यार्थीले भ्रेल्नु परेका समस्या, विद्यालय शिक्षकमा, अभिभावकमा परेको नकारात्मक प्रभावको आपसी सल्लाह गरी समाधान खोज्ने प्रयास गरिएको छ ।

विद्यालयतहको सिकाईमा दण्ड र पुरस्कारले कस्तो भुमिका खेलेको छ भन्ने कुराको जानकारी दिनु र त्यसले बालबालिकाको सिकाइको स्तर कस्तो प्रकारको निर्धारण गरेकोछ भन्ने कुरा पत्ता लगाउन अध्ययन गरिएको हो । साथै यो अध्ययन, विद्यालय, शिक्षक,

विद्यार्थी, अभिभावकमा बढि केन्द्रित हुने हुँदा विद्यालय शिक्षक सम्बन्ध, शिक्षक विद्यार्थी सम्बन्ध, शिक्षक अभिभावक सम्बन्धको बारेमा पनि अध्ययन गरिएको छ । अभिभावकले विद्यार्थीलाई विद्यालय पठाउने, अध्ययन सामग्रीको व्यवस्था गर्ने, पोशाकको व्यवस्था, उचित मायामम्ता, स्नेह, उचित वातावरणको व्यवस्था गर्ने अभिभावकको दायित्व पुरा गरे नगरेको पनि जानकारी गराउने अध्ययनको मुख्य उपादेयता रहको छ ।

अध्ययनलाई केन्द्रविन्दु बनाएर गरिएको सम्बन्धित साहित्यको (शोधपत्र, लेख, रचना, जर्नल) पुनरावलोकनबाट सार्वजनिक विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्दा दण्डलाई निरुत्साहित गरी पुरस्कारमुखी शिक्षालाई शिरोधार्य गर्नुपर्छ भन्ने कुरालाई यस शोधपत्रको प्राप्तीसित जोडिएको छ । साथै दण्ड र पुरस्कारले सिकारुमा कस्तो असरपर्छ भन्ने शिर्षकसँग सम्बन्धित स्किनर र थर्नडाइकको सिकाई सिद्धान्तलाई प्राप्तीसंग जोड्नसजिलो बनाएको छ

# परिच्छेद तीन

## अध्ययन विधि

कुनै पनि विषयका बारेमा अध्ययन अनुसन्धान गर्नु पर्दा निश्चित विधिको अवश्यकता पर्दछ जसले अनुसन्धान कार्यलाई निश्चित दिशाबोध गर्नुका साथै निष्कर्षमा पुग्न मद्दत गर्दछ । अनुसन्धानका प्रकार अनुसार तथ्याङ्क संकलन विधि तथा साधनहरु फरक फरक रहेका हुन्छन् । गुणात्मक वा परिमाणात्मक अनुसन्धानमा कस्तो अनुसन्धान गर्ने हो सो अनुरुप नै विधिको छनोट गर्नु पर्दछ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

सामान्यतया अध्ययनबाट प्राप्त संरचनात्मक तथ्याङ्कलाई गणितिय वा तथ्याङ्कशास्त्रीय विश्लेषणका विधिद्वारा निष्कर्षमा पुगिने अनुसन्धानलाई परिमाणत्मक अनुसन्धान भनिन्छ भन्ने अवस्था घटना प्रक्रिया तथा समस्याहरुको अध्ययनबाट प्राप्त तथ्याङ्कहरुलाई वर्णन तथा विश्लेषण गरिन्छ भने त्यो गुणात्मक अनुसन्धान हो (खनाल २०६६) यी दुई ढाँचाहरु मध्ये अनुसन्धान कार्यलाई सम्पन्न गर्नकालागि गुणात्मक अनुसन्धान ढांचाको प्रयोग गरिएको थियो । यस अध्ययनलाई प्रभावकारी बनाउनको लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको थियो । तसर्थ वस्तुस्थितिलाई गहिरिएर अवलोकन तथा अन्तक्रियाको माध्यमबाट बुझ्ने प्रयास गरिएको थियो । यसरी प्राप्त भएको तथ्याङ्कलाई गुणात्मक एवं वर्णनात्मक ढंगले विश्लेषण गरिएको थियो ।

### ३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनोट

खस गरी अनुसन्धान गर्नलाई जनसंङ्ख्याको पहिचान गर्न त्यसले नमूना छनौट गर्ने कार्यलाई अगाडि बढाउन सजिलो पर्दछ । यस कारण प्रस्तुत अध्ययन सिरहा जिल्लाको लक्ष्मीपुर पतारी गा.वि.स. अन्तर्गत पर्ने तीनवटा सामुदायिक माध्यमिक विद्यालयहरुबाट प्र.अ. १/१ जना, शिक्षक ६/६ जना, विद्यार्थी ८/८ जना र प्रत्यक छनौटमा परेका विद्यार्थीका अभिभावकहरु गरि जम्मा ६९ जनालाई उद्देश्यात्मक नमूना छनौट गरि गुणात्मक अनुसान्धान विधि प्रयोग गरिएको थियो ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

तथ्याङ्क सङ्कलनका साधनहरु भन्नाले अनुसन्धान कुन माध्यमबाट के प्रयोग गरि गर्ने भन्ने कुरा हुन् । यो उल्लेख नगर्दा सम्म अध्ययन क्षेत्र जान गाह्रो हुने हुँदा अनुसन्धानकर्तालाई अनुसन्धान गर्न सजिलो हुने गरि साधन छनोट गरिएको थियो । यस अध्ययनका लागि निम्न साधनहरु निर्माण गरि प्रयोग गरिएको थियो ।

#### ३.३.१ अन्तर्वार्ता प्रश्नावली

अन्तर्वार्ता शैक्षिक अनुसन्धानमा प्रयोग हुने महत्वपूर्ण साधन हो । कलिङ्गरले “अन्तर्वार्ता व्यक्ति-व्यक्ति बीचको त्यो साक्षात्कार अवस्था हो जहाँ अन्तर्वार्ताकार

उत्तरदातासँग यस्तो प्रश्न गर्छ जो शोध समस्याको उद्देश्यका लागि उपयुक्त हुन्छ” भनेका छन् । अन्तर्वर्ता प्रश्नकर्ता र उत्तरदाता बीच छलफल वा विचारको विनियम हुन्छ । शैक्षिक अनुसन्धानमा अन्तर्वर्ताले किन ? कहाँ ? कस्तो ? जस्तो प्रश्नको गहिराई पूर्वक खोज गर्दछ ।

यस अध्ययनको निर्धारित उद्देश्य प्राप्त गर्न नमुना छनौटमा परेका विद्यालयमा दण्ड र पुरस्कारको व्यव्सथापन र शिकाइमा यसको असर तथा यसबाट उत्पन्न हुने समस्याहरु सम्बन्धी सरोकारवालाको धारणा बारे आवश्यक सूचना संकलन गर्न छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुको लागि छुट्टा-छुट्टै अन्तर्वार्ता प्रश्नावली तयार गरिएको थियो जुन अन्तर्वार्ता प्रश्नावली अनुसूचि १ देखि ४ सम्म दिएका छ । साथै दण्ड र पुरस्कार व्यवस्थापन अवस्थापन देखिएका समस्या समाधानका उपायहरु सम्बन्धि प्रश्नहरु समावेश गरिएको छ ।

#### ३.३.२ अवलोकन फारम

छनौटमा परेका विद्यालयका शिक्षकहरुले कक्षा शिक्षण गर्दा उनीहरुले दिने दण्ड र पुरस्कारको प्रकारहरु, विद्यार्थीहरुको प्रतिक्रिया जस्ता कुराहरु अवलोकन गरी आवश्यक

जानकारी प्राप्त गर्न अवलोकन फारम तयार गरिएको छ । जसको लागि आवश्यक ढाँचाको अवलोकन फारम अनुसूचि ५ मा दिइएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्क प्राप्त हुने क्षेत्रलाई तथ्याङ्कको स्रोत मानिन्छ । अध्ययनको स्वरुप अनुसार तथ्याङ्क प्राप्त स्रोतहरु फरक-फरक हुने गर्दछ । यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कका स्रोतहरु संकलन गर्न प्राथमिक र द्वितीय (सहायक) स्रोतहरुको प्रयोग गरिएको थियो । यी दुवै स्रोतको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता द्वारा पहिलो पटक संकलन र प्रयोग गरिएको तथ्याङ्कलाई प्राथमिक स्रोत भनिन्छ । अर्थात यस्ता तथ्याङ्कका स्रोतलाई मौलिक स्रोत मानिन्छ । यस अध्ययनलाई बढी विश्वसनीय र बैध बनाउनका लागि प्राथमिक स्रोतको बढी प्रयोग गरिएको छ । अवलोकन फाराम र अन्तर्वार्ता प्रश्नावलीहरुबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४.२ द्वितिय स्रोत

अध्ययनको सिलसिलामा पूर्वप्रकाशित तथा संकलित तथ्याङ्कलाई द्वितिय स्रोत भनिन्छ । यस शोध कार्यका लागि सम्बन्धीत विद्यालयका विभिन्न वर्षका तथ्याङ्क विवरण, अभिलेख, नतिजा, घटना अभिलेख, परीक्षा अभिलेख, विभिन्न पत्र-पत्रीका, पुस्तक, लेख, रचना आदिको अध्ययन गरि छनौटमा परेका विद्यालयहरुबाट दण्ड र पुरस्कार पाएका विद्यार्थीहरुको शिक्षण सिकाई पछिको शैक्षिक उपलब्धी, उत्तीर्ण प्रतिशत, शैक्षित स्थिति, भर्ना स्थिती आदि कुराको लागि विद्यालयको अभिलेखबाट रेकर्ड अध्ययन गरिएको थियो ।

## ३.५ तथ्याङ्क संङ्कलन विधि

तथ्याङ्क सङ्कलनका लागि सर्वप्रथम विभागिय प्रमुखले दिएको पत्र दिई प्रत्येक विद्यालयका प्र.अ.संग भेट गरि पत्र दिइएको थियो । त्यस पछि प्र.अ. र शिक्षकहरुलाई सामुहिक रुपमा अध्ययनको बारे सपष्ट पारि प्र.अ. बाट आवश्यक अनुमति लिएर विद्यार्थी र

शिक्षकको छनौट गरिएको थियो । त्यस पछि कक्षा शिक्षणमा अवलोकन फारम सहित प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन गरिएको थियो । छनोट गरिएका प्र.अ.शिक्षक र विद्यार्थीलाई अन्तर्वार्ता प्रश्नावली भर्न लागएका थियो भने अभिभावकहरुलाई घरमै गएर भर्न लगाइएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

विभिन्न स्रोत साधनबाट प्राप्त भएका तथ्याङ्क तथा जानकारीहरुलाई विश्लेषण गर्न वर्णनात्मक तरिकाको प्रयोग गरि सम्बन्धित तथ्याङ्कलाई स्पष्ट पारिएको थियो ।

## परिच्छेद चार

## नतिजाको छलफल

सार्वजनिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्थाको सम्बन्धमा छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, र विद्यार्थीहरुबाट प्राप्त गरिएको सूचना तथ्याङ्क प्रत्यक्ष एव अप्रत्यक्ष रुपमा गरिएको कक्षा शिक्षण अवलोकन विषेश गरी दण्ड पाएका विद्यार्थीमा गरिएको घटना अध्ययनबाट प्राप्त जानकारीहरुलाई अलग-अलग रुपमा विश्लेषण र व्याख्या गरिएको थियो । यसको विवरण अध्ययनका उद्देश्य अनुसार विभिन्न शिर्षक र उप शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ४.१ विद्यालयमा दिइने दण्ड र पुरस्कारको लेखाजोखा

विद्यालयले शिक्षाका आधारभूत तथा मनौवैज्ञानिक सिद्धान्तहरु, नियम, आचरणहरु, विशेषता तथा प्रविधिहरुको प्रयोग गरी शिक्षण सिकाईलाई महत्वपुर्ण, प्रभाबकारी एवम् उद्देस्यमुलक बनाउन सक्षम हुनु पर्दछ । वर्तमान समयमा हाम्रो देशको विद्यालयहरुमा बालबालिकाहरुमाथि उचित व्यवहार, बालमनोविज्ञान अनुरुपको सिकाई तथा बालमैत्री विद्यालय वातावरण बनाई पठनपाठन कार्य सन्चालन गर्नुपर्नेमा अध्ययनमा परेका विद्यालयहरुमा के कस्तो पुरस्कार र दण्डको ब्यवस्था गरिएको बारे तल ब्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयमा प्रदान गरिने पुरस्कारको व्यवस्था

पुरस्कार भौतिक वा अभौतिक जे भएपनि यसले विद्यार्थीको शिक्षण सिकाई क्रियाकलापमा महत्वपूर्ण भूमिका खेलेका हुन्छ । पुरस्कारले विद्यार्थीमा प्रतिस्पर्धाको भावना जागृत गराई कठिन भन्दा कठिन बिषयबस्तु पनि सहज तरिकाले समयमा सिकने बानीको विकास गर्दछ । पुरस्कारले बालबालिकाहरुमा रहेको अन्तरनिहित क्षमताहरु प्रष्फुटन्  गराउनमा मदत पुर्याउँछ । पुरस्कारको अवस्थाबारे प्र अ शिक्षक र विद्यार्थीको प्रतिकिया तल देहाय बमोजिम छ ।

श्री ज.न.ल मा.वि लक्ष्मीपुर पतारी का प्र.अ लाई पुरस्कार सम्बन्धि निती नियमको बारेमा सोधखोज गर्दा उहाँका अनुसार शिक्षा नियमावलीमा उल्लेख भए अनुसार प्रत्येक शुक्रबार मेरो विद्यालयमा अतिरित्त क्रियाकलाप सन्चालन गरी उत्कृठ हुने बालबालिकालाई पुरस्कार दिने कुरा

बताए । त्यस्तै यहि प्रश्नको जबाफमा जनता उ.मा.वि.भवानीपुर र श्री डोमी चौधरी उ.मा.वि.पोखरभिण्डाका प्र.अ.का अनुसार हाम्रो विद्यालयमा विद्यार्थीको मनोबल बढाउनका लागि विभिन्न प्रकारका दिवस (शहिद दिवस, बाल दिवस, शिक्षा दिवस, प्रजातन्त्र दिवस, नारी दिवस) को अवसरमा प्रतियोगिता सन्चालन गरी त्यस प्रतियोगितामा उत्कृट गर्नेलाई पुरस्कार दिने गरेको कुरा बताउनु भयो ।

तीन बटै विद्यालयका नौ जना शिक्षकहरुले पुरस्कार प्राप्तीले विद्यार्थीको शिक्षण सिकाईप्रति उत्साह बढाएको जानकारी दिनु भयो । साथै विद्यालयमा सन्चालन हुने विभिन्न प्रकारका कार्यक्रम ( सरस्वतिपुजा, अभिभावक दिवस, विद्यालयको बार्षिक उत्सव) को अवसरमा विभिन्न प्रकारका प्रतियोगिता सन्चालन गरी प्रथम, द्धितिय र तृतिय हुनेलाई पुरस्कार दिने गरेको कुरा बताउनु भयो । विद्यार्थीहरुका अनुसार हामीहरुलाई पुरस्कार प्राप्तीले पढाईमा उत्साही बनाएको कुरा लगभग तिनवटै विद्यालयका १६ जना विद्यार्थीले नै यस्तो कुरा बताए र तर जनता उ. मा. वि. भवानीपुर विद्यार्थीहरुका अनुसार पुरस्कार प्रप्तिले पढाईमा उत्साही बनाए पनि हाम्रो विद्यालयमा नियमित रुपमा पुरस्कार प्राप्त हुने कार्यक्रम सन्चालन गर्दैन । विद्यालयका ब्यवस्थापकहरुले आफुलाई मन लागेको कार्यक्रमहरुमा मात्रै प्रतियोगिता सन्चालन गरेको कुरा बताउनु भयो । साथै प्रतियोगितामा उत्कृष्ट गरे पनि पुरस्कारको रुपमा कम मोल पर्ने खालका साम्रगी दिने गरेको कुरा बताए पनि श्री .ज.न.ल.मा.वि. लक्ष्मीपुरपतारी एक विद्यार्थीले यस्तो बताए ।

> “म प्रतियोगिता प्रथम भएपछि मलाई धेरै खुसी लाग्छ । मलाई त विद्यालयमा हाजिरी जबाव प्रतियोगिता, बकतृत्वकला, बाद विवाद जस्ता कार्यक्रम दिनुहुं भए धेरै राम्रो हुन्थ्यो”

विद्यालयमा पुरस्कारको अवस्थाको प्रतिक्रियाबाट के ब्याख्या गर्न सकिन्छ भने विद्यालयमा विद्यार्थीले आफ्नो पढाईमा उत्कृष्ठ भएको अतिरित्त क्रियाकलामा उत्कृष्ठ भएमा मात्र पुरस्कार दिने गरेको प्रतिक्रिया प्र.अ.र शिक्षकबाट पाइयो । यसबाट के भन्ने सकिन्छ भने खालि उत्कृष्ठ गर्ने विद्यार्थीहरुलाई मात्र पुरस्कार दिने र अन्य कमजोर विद्यार्थीलाई पुरस्कार नदिने हो भने कमजोर

विद्यार्थीको शिक्षणमा सुधार ल्याउन सकिदैन । त्यसैले पुरस्कार दिने कार्यक्रम निरन्तर दिदा विद्यार्थीहरुमा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ । कतिपय विद्यालयमा पुरस्कार प्राप्त हुने कार्यक्रमहरु विद्यालयले नियमित रुपमा सन्चालन गर्नु पर्ने देखिन्छ । यदि त्यसो नगर्ने हो भन्ने विद्यार्थीको मनोबलमा गिराबट आउन सकछ ।

### ४.१.२ विद्यालयमा दण्डको ब्यबस्था

सार्वजनिक विद्यालयमा दिइने दण्डको अवस्था सम्बन्धी स्थलगत अध्ययनको क्रममा ३ ओटा विद्यालयका प्र.अ. शिक्षक र विद्यार्थिसंग गरिएको अन्तवार्ताको विश्लेषण यसरी गर्न सकिन्छ ।

अध्ययनमा परेका विद्यालयका प्र.अ. हरुलाई दिइएको अन्तर्वार्तामा उनीहरुले दिएको जवाफका अनुसार उनीहरुको विद्यार्थीहरुलाई कुनै न कुनै किसिमको दण्ड दिने गरेको पाइयो । विद्यार्थीहरु कक्षामा ढिलो आउँदा, गृहकार्य नगर्दा, कक्षाकोठामा सक्रिय सहभागिता नहुँदा, प्रश्नको सही जबाफ नदिदा र अनुशासनहिनता, विद्यार्थी अंचारसहिता विपरित ब्यवहार गर्दा विद्यार्थीहरुलाई शारिरिक दण्ड सजाय दिइएको पाइयो । विशेष गरी केटाहरुलाई लट्ठी तथा डष्टरले हात वा पिडाँलुमा हिर्काउने गरेको पाइयो विद्यार्थीहरुलाई उभिएर बस्न लगाउने, मुर्गा बनाउने, उठबस गर्न लगाउने जस्ता शारिकि दण्ड पनि विद्यालय कक्षा कोठा भित्रै दिने गरेको पाइयो । यस्ता दण्ड पनि केटीहरुलाई कम र केटाहरुलाई बढी दिने गरेको कुरा तिन बटै विद्यालयका प्र.अहरुले स्वीकार गरेको थियो ।

अनुसन्धानको क्रममा शिक्षकहरुलाई तपाईहरुको विद्यालयमा दण्डको अवस्थाकस्तो छ भने जिज्ञासा राख्दा उनीहरुले आफनो मत यसरी प्रकट गरे ।

श्री जनता उ.मा.वि. भवानीपुर का शिक्षकहरुले आफुहरुले कुनै पनि किसिमको दण्ड नदिने गरेको भने तर श्री मा.वि. लक्ष्मीपुर शिक्षकहरुको जबाफ अलि फरक थियो । उनीहरुले कक्षा नियमित गराउन, गृहकार्य दिनहुँ गराउन, कक्षाकोठामा होहल्ला गर्न नदिन, अनुशासन पालना गराउन, विद्यार्थीलाई मुर्गा बनाउने, बेन्चमा ५-१० मि उभन लगाउने, केह ीगर्न नजान्ने, पशु, गोरु, कुकुर,

गधा जस्ता मानसिक दण्ड आफुहरुले विद्यार्थीलाई बानी सुधारको लागि दण्ड दिने गरेको कुरा बताए । तर अवलोकनको क्रममा विद्यालयमा दिइने मानसिक दण्डमा सबैभन्दा बढी राम्रो

विद्यार्थीसँग तुलना गरेर कमजोर देखाउने र समाजमा केही गर्न नसकने भनी हतोत्साही बनाउने कार्य पनि शिक्षकहरुले गर्ने गरेको कुरा कक्षा अवलोकनको क्रममा देखा पर्यो । पढाईमा कमजोर विद्यार्थीलाई मनोबैज्ञानिक रुपमा उपचारात्मक ब्यवहारको अलावा गिज्याउने कमजोर भनी शैक्षिक क्रियाकलापको क्रममा बेवास्ता गर्ने जस्ता ब्यवहारहरु र कमजोर तथा ज्ञान नभएका, बुझाउने प्रतिकारात्मक शब्दहरुको प्रयोग गरी लज्जीत बनाउने प्रवृति रहेको जानकारी पनि शिक्षकहरुसंगको अन्तरबार्ताबाट प्राप्त भयो ।

विद्यार्थीहरुलाई उनीहरुको शारीरिक पिडासँग सम्बन्धित गरेर पनि गाली गर्ने गरेको पाइयो । जस्तो यति ठूलो भएर पनि स-सना कुरा नजान्ने, तन्नेरी भई सकयो तर पढनमा भुस्कोल -कमजोर) आदि पदहरुको प्रयोग गर्ने गरेको पनि पाइयो । शिक्षकहरुले विद्यालय बाहिर विद्यार्थिहरुलाई आफना आफन्तहरुको अगाडी लज्जीत हुन्नुपर्ने तथा अभिभावकहरुसँग नकारात्मक ढंगले विद्यार्थीको गतिविधि बारे कुराकानी गर्ने र अशिक्षित अभिभावकले शिक्षकको भनाईको अधारमा हामिहरुलाई कुटपिट गर्ने, हामीहरुले चाहेको कुरा -पोशाक, जुत्ता, कापि, कलम) पुरा नगरिदिने जस्ता शारीरिक तथा मानसिक दण्ड दिने गरेको कुरा बताए । तिन बटै विद्यालयका १६ जना विद्यार्थीहरुका अनुसार हामिहरुले कक्षाकार्य गृहकार्य गरेर नल्याउदा, लुगाफाटा फोहर लगाउदा, नंग नकाटेर विद्यालयमा आउँदा प्राय जसो शिक्षकबाट दण्डको रुपमा साथीको अगाडी कक्षाकोठामै बेन्चको अगाडी उभाउने, मृर्गा बनाउने कान समाउन लगाउने जस्ता अन्य प्रकारका गालि तथा दण्ड दिने गरेको कुरा बताए । श्री ज.उ.मा.वि.भवानीपुरको कक्षा ९ को बहिनीले बताइन ।

म ठूलो भएपछि सरलाई कुटने छु र अहिले दिएको दण्डको बदला पछि लिने छु तत्काल लिएपछि विद्यालयबाट रेष्टिकेट गरेर कारबाही पनि गर्न सकछन् । त्यस कारण यो रीस पछि पक्कै पोख्नेछु भनी बताएका छन्" ।

दण्डको अवस्था बारेमा प्रयतन भुल सिद्धान्तमा थ्रनडाइकका अनुसार कुनै कार्य गर्दा सुख वा सन्तोष दिन्छ भने त्यसलाई दोहरयाइन्छ । तर दुःख वा असन्तुष्टि पाएमा त्यसलाई दोहारयाइन् । सन्तोषप्रद परिणामले त्यसलाई निर्वल बनाउँछ । पुरस्कारले हामीलाई सुख र प्रोत्साहन दिइन्छ भने दण्ड कष्ट दिन्छ । जुन ब्यवहारको लागि पुरस्कार दिइन्छ । त्यसलाई ब्यक्तिले पटक पटक गर्न खोज्छ र जनु व्यवहारका लागी दण्ड दिइन्छ, त्यसको पुनरावृति उगार्न आँउदैन् । यसरी पुरस्कार सही प्रतिक्रियामा छनौटमा उन्मुख गराउँछ भने दण्डले प्रतिक्रिया (सिकाई) हनुबाट रोकदछ ।

यसको विपरित अध्ययनका लागि छनौटमा परेका विद्यालयका ३ ओटा प्र.अ., शिक्षक ९ जना, विद्यार्थी १६ जना सबैले दण्ड दिने कुरालाई स्वीकार गरे ।

यस आधारमा नेपालका सार्वजनीक विद्यालयमा दण्ड दिने प्रकृति यथाबत रहेको जानकारी प्राप्त भयो । प्र.अ. तथा शिक्षकहरुले आफुहरुले विद्यार्थीहरुलाई अनुशासित ब्यवहार, पढाई प्रति लगाव, गृहकार्य, कक्षाबाट भाग्ने, प्रश्नको गल्त जवाफ जस्ता पक्षहरुमा सुधार ल्याउनको लागी दण्डलाई प्रयोग गर्ने गरेको प्रतिक्रिया पाइयो । फेरी शिक्षकहरुले शिक्षक तालिम, रेडियो, टेलिभिजन आदि मार्फत दण्डले विद्यार्थीमा सकारात्मक परिर्वतन ल्याउनमा महत्वपूर्ण भुमिका नखेल्ने तथा विद्यालयमा दिइने दण्ड कानुन विपरित समेत रहेको कुरा आफुहरुलाई जानकारी रहेको प्रतिक्रिया दिनुनै नेपाल सरकारले लिएको दण्ड रहित शिक्षकको निति विपरित सार्वजानिक विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुको बालअधिकार हनन् भएको छ नै त्यसले उनिहरुमा भविष्यमा पनि मनोबैज्ञानिक असर रहि रहेन dropout को समस्या, कक्षा दोरयाउन, हिसंक व्यवहारको सुरुवात, प्रतिशोधको भावना जस्ता समस्याहरु र शिक्षामा लगाएको लगानी व्यर्थ हुने तथा  उनीहरुको जिवन नै अन्धकारमय हुने खतरापूर्ण परिणाम दिने भएकाले हाल रहेको प्राप्तीलाई अन्त गरी पुरस्कार तथा सकारात्मक उत्प्रेरणाको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सन्चालन गरे मात्र शैक्षिक क्षतिलाई कम गरे विद्यार्थीमा रहेको क्षमताको विकास गर्न सकिन्छ

## ४.२ विद्यालय तहमा दिइने पुरस्कार र दण्डले सिकाईमा पारेको प्रभाव

विद्यार्थीहरु जे जसरी दण्डित र पुरस्कृत भएपनि यसको प्रभावले उनीहरुको समग्र व्यक्तित्वलाई नै प्रभाव पुऱ्याउँदछ । त्यसैगरी विद्यालयमा दिइने पुरस्कारले विद्यार्थीहरुमा के प्रभाव परयो भन्ने वारे उतरदाताहरुको प्रतिक्रिया तल प्रस्तुत गरिएको छ ।

### ४.२.१ पुरस्कारले सिकाईमा पारेका सकारात्मक र नकारात्मक प्रभाव

#### क सकारात्मक प्रभाव

पुरस्कारले विद्यार्थीहरुको सिकाईमा के-कस्तो सकारात्मक प्रभाव पारेको छ भने प्रश्नको वबाफमा ३ बटै विद्यालयका प्र.अ हरुका अनुसार पुरस्कारको प्राप्तिले बालबालिकाहरुको चौतर्फी विकास भएको कुरा उल्लेख गर्नु भयो । पुरस्कार वितरण कार्यक्रम सन्चालन गरे देखि विद्यालयको

बार्षिक परिक्षाको परिक्षाफलमा पनि वृद्धि भएको कुरा ब्यक्त गर्नु भयो । ज.न.ल. मा.वि. लक्ष्मीपुर पतारी का प्र.अ. का अनुसार उहाँले मेरो विद्यालयमा प्रत्येक साल सास्कृतिक कार्यक्रम सन्चालन गर्नुको साथै विद्यालयमा कक्षा १ देखि १० सम्मका प्रत्येक कक्षामा प्रथम, दितीय, तृतिय गर्नेको साथै S.L.C मा सबभन्दा बढी मार्क ल्याउने छात्र-छात्रलाई पुरस्कारको रुपमा कापी, कलम, नगद पुरस्कार प्रमाणपत्र र सिल्डहरु प्रदान गर्छु भन्ने कुरा बताउनु भयो । जसबाट विद्यालयको शिक्षण-सिकाई क्रियाकलाप सोचे भन्दा पनि बढी प्रभावकारी भएको कुरा उल्लेख गर्नु भयो ।

पुरस्कारबाट विद्यार्थीहरुमा पठनपाठन कार्यमा ध्यान गएको, उत्प्रेणात्मक र उत्साहित हुने, अनुशासित भएको, समयमा विद्यालय आएको, पोशाक लगाएर नियमित विद्यालय आएको, अतिरित क्रियाकलापमा सक्रिय रुपमा भाग लिएका, कक्षाकार्य र गृहकार्य समयमा नै गर्ने, घरमा अधिकांश समय पढने, बाँकी समयमा अतिरित क्रियाकलाप गर्ने विषयबस्तुमा मेहनत गर्ने शिक्षकसँग राम्रो सम्बन्ध भएको स्पष्ट बक्ता हरेक कुरामा चासो राख्ने गरेको सकारात्मक र सुधारोन्मुख हौसलामुखी प्रभाव पारेको प्रतिक्रिया ज.न.ल.मा.वि.लक्ष्मीपुरपतारी र डोमा चौधरी उ.मा.वि पोखरभिण्डा का शिक्षकहरुको थियो ।

यहि प्रश्नको जवाफमा विद्यार्थीहरुको अनुसार पुरस्कारले हामी सम्पूर्ण विद्यार्थीहरुमा प्रतिस्पर्धाको भावना जागृत गराएको छ । विद्यालयमा आयोजना हुने कार्यक्रमहरुमा पुरस्कार जिते पछि समाज, अभिभावक शिक्षक सबै तिरबाट प्रोत्साहन मिलेको जानकारी दिनुभयो । विभिन्न कार्यक्रमहरुमा सन्चालन हुने प्रतियोगितामा आफू कसरी पुरस्कार प्राप्त गर्ने होडमा राम्रोसंग गहिरिएर सम्पूर्ण बिषयबस्तु अध्ययन गरेकोकुरा ब्यक्त गर्नु भयो । ज.न.ल.मा.वि. लक्ष्मीपुरपतारी कक्षा १० मा पढने एक विद्यार्थीको भनाई अध्ययनको क्रममा यस्तो पाइयो :-

> “म यसपालिको S.L.C परिक्षामा सबभन्दा बढि मार्क ल्याउने र विद्यालयबाट दिने सिल्ड म नै लिन्छु । त्यसको लागि म दिनहुँ १० घण्टाको दरले पढिरहेको छु” ।

स्किनरका अनुसार सिकाईमा दण्डको प्रयोग गर्नु हुँदैन । दण्डले व्यवहारलाई दवाएर राख्दछ पछि पुनः जागरण हुने सम्भावना हुन्छ । पुरस्कारले सधैं सकारात्मक व्यवहार ल्याउने सहयोग गर्दछ । त्यसैले दण्डको बदला पुरस्कारको प्रयोग  गर्नुपर्दछ । यस सिद्धान्त अनुसार राम्रो काम गरे बापत पुरस्कार पाए पछि त्यो काम (व्यवहार) विद्यार्थी पटक-पटक दोहोर्याउँछ । तसर्थ दण्डको तुलनामा

पुरस्कारबाट पर्ने सकारात्मक प्रभाव बढी प्रभावकारी हुने भएकोले र यसको फाइदा सरोकारवालाहरुलाई हुने कुरा सर्वव्यापी स्वीकार गर्न सकिन्छ ।

**ख नकारात्मक प्रभाव**

विद्यालयमा पुरस्कारले नकारात्मक प्रभाव परेको छ, कि छैन् भन्ने प्रश्नको जिज्ञासामा श्री.ज.उ.मा.वि.भवानीपुर र श्री.डोमी चौधरी उ.मा.वि.पोखरभिण्डाका प्र.अहरुको बिचमा खासै मत अन्तर देखिएन् । उनीहरुका अनुसार पुरस्कारले विद्यार्थीमा खासै नाकारात्मक असर न परेपनि पुरस्कार पाएको कुनै-कुनै विद्यार्थीले आफू पुरस्कार पाएकोमा साथिलाई हेपेर बोल्ने गरेको प्रतिक्रिया दिनुभयो श्री.ज.ल.मा.वि लक्ष्मीपुर पतारीका प्र.अका अनुसार विद्यालयमा पुरस्कार वितरणमा प्र.अ.र शिक्षक आफू खुसी गरेको विद्यार्थीहरुलाई काँखा-पाखाँ गरी पुरस्कार वितरण गरेको अभियोग

अभिभावकहरुले लगाउने गरेको कुरा बताउनु भयो । जसकारण समय-समयमा यो समस्याले ठूलो झै-झगडा नै सिर्जना गर्छन् ।

शिक्षकहरुले अनुसार पुरस्कृत हुने विद्यार्थीहरुको मनोभावना म त शिक्षक भन्दा पनि बढी जान्ने भएको जस्तो ठान्ने,अलि घमण्डीपन जस्तो मात चढेको, शिक्षकसंग टाढा हुँदै गएको, सधै जान्ने हूँ भन्ने सोचाइ भएको मनोभावना विकास भएको प्रतिक्रिया दिनु भयो । साथीलाई हेप्ने, घमण्ड गर्ने जस्ता नकारात्मक प्रभाव विद्यार्थीमा समानता भए पनि दण्डको तुलनामा पुरस्कारको नकारात्मक प्रभाव कम भएको पाइयो ।

विद्यार्थीहरुमा पुरस्कार जितेपछि अहमताको भावना सिर्जना भएको देखियो । पुरस्कार पाउनु भनेको सम्मान् पाउनु हो । राम्रो उत्कृष्ठ काम गरे बापत दिइने इनाम नै पुरस्कार हो । तर अध्ययनको क्षेत्रमा अवलोकनको क्रममा आफू विभिन्न कार्यक्रममा प्रथम भई पुरस्कार पाएमा विद्यार्थीहरुमा अहम्ताको भावना विकास भई कमजोर साथीलाई हेप्ने, थर्काउने, फेल भयो भनी जिस्काउने गरेको केहि मात्रामा पाइयो । साथै घमण्ड गर्ने मात चढेको र ब्यवहारमा परिर्वतन आई शिक्षकसंग टाढा हुने गरेको सधै जान्ने हूँ भन्ने सोचाई भएको हौसलाप्रति घमण्डी हूने गरेको कुरा अवलोकनको क्राममा तिन बटै विद्यालयका अधिकांस विद्यार्थीहरुमा देखा पर्‍यो । श्री ज.उ.मा.वि. भवानीपुरका एक विद्यार्थीसँग ब्यतिगत अन्तरवार्ता लिदा उनले आफ्नो विचार यसरी ब्यक्त गरेः

"म त आफ्नो कक्षामा सधै प्रथम स्थान ल्याउछ साथै शुक्रवारका दिन विद्यालयले सन्चालन गर्ने अधिकांस प्रतियोगितामा म नै पुरस्कार जित्छु । त्यसैले मेरो साथिहरु मलाई धेरै मन पराउँछ तर म त त्यसता साथीहरुलाई केहि गन्ति लाउदिन्" ।

थनंडाइकका अनुसार शिक्षकले कस्तो उत्तेजनामा कस्तो सम्बन्ध स्थापना गर्न सकिन्छ भनी बुझेर मात्र उत्तेजना प्रदान गर्नुपर्छ । अर्थात कस्तो अवस्थामा पुरस्कार दिने र कस्तो अवस्थामा दण्ड दिने भन्ने कुरा राम्ररी अध्ययन गरेर मात्र प्रयोग गर्नुपर्दछ । कक्षामा जस्तोसुकै अवस्थामा पनि जथाभावी रुपले पुरस्कार दण्डको प्रयोग गर्नु हुँदैन । तसर्थ समग्रमा के भन्न सकिन्छ भने विद्यालयमा विद्यार्थीको लागि पुरस्कार नै बढी प्रभावकारी भएको देखिन्छ ।

### ४.२.२ दण्डले सिकाईमा पारेको सकारात्मक र नकारात्मक प्रभाव

**क सकारात्मक प्रभाव**

विद्यार्थीहरुलाई दण्ड दिने उनीहरुको सिकाई तथा पढाईमा के-कस्तो सकारात्मक प्रभाव परेको देख्नु भएको छ भन्ने प्रश्नको जिज्ञासामा प्रधानाध्यापकहरुको जबाफ यस्तो थियो । सुधारात्मक तथा सचेतात्मक पुर्ण ढंगले दिएको विद्यार्थीहरुको पठन पाठन कार्यमा ध्यान गएको र बानी ब्यावहार सुधार भएर सकारात्मक सहयोग पुगेको कुरा बताएका थिए । खास गरी विद्यार्थीहरु सजाय पाएपछि डरले बदमाशी नगर्ने, अनुशासित हुने, समयमा विद्यालय आउने र अनाआब्श्यक हल्ला नगर्ने जस्ता सकारात्मक प्रभाव पर्ने गरेको कुरा ब्यत्त गरेको थियो ।

यसैगरी शिक्षकहरुले पनि कहिल्यै पनि गृहकार्य नगर्ने विद्यार्थीहरुले गृहकार्य गरेको, कक्षामा होहल्ला नगरी शान्त भएर बसेको, अनुशासित भएको, पढाई प्रति ध्यान गएको जस्तो सकारात्मक पक्षलाई औल्याएका थिए । विद्यार्थीहरु पनि आफुहरुले दण्ड दिएपछि केही पढन मन लागे पनि साथीको सामुनेमा हिनता बोध हूने, पढने बिषयबस्तुप्रति रुचि नबढने, त्रासपूर्ण वाताबरणमा पढेको जस्तो भएपनि गृहकार्य र कक्षाकार्य गर्न केहि मन जाने गरेको कुरा ब्यक्त गरेका थिए ।

सुधारात्मक सचेतनात्मक रुपबाट दिएको दण्डले विद्यार्थीहरुको पठनपाठन कार्य देखि अन्य बानी ब्यवहारमा सकारात्मक प्रभाव विद्यार्थीहरुमा परेको पाइयो ।

यसरी माथिका हरेक प्रतिक्रियालाई केलाएर हेर्दा के भन्न सकिन्छ भन्ने विद्यार्थीहरुलाई सचेतनात्मक तरीकाले दिएको दण्डले उनीहरुको पढाईमा सहयोग पुग्नुको साथै नराम्रा बानी व्यवहारमा सुधार आउने जस्ता सकारात्मक प्रभाव परेको देखिन्छ ।

**ख नकारात्मक प्रभाव**

विद्यालयमा प्रधानाध्यापकसँग बालबालिकाहरुलाई दण्ड दिदा पढाई तथा सिकाईमा कस्तो नकारात्मक प्रभाव पर्दछ ? भनी सोधिएको प्रश्नको जवाफ यस्तो प्रकारको थियो :- दण्ड आफैमा नराम्रो काम हो, यसका धेरै नकारात्मक प्रभाव रहेका छन् ।

विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग सधै डराउने, नजान्नेका कुरा पनि सोधन डराउने, दण्ड दिने शिक्षकलाई आदर नगर्ने, विद्यालयमा कम उपस्थित हुने तथा बीचमै विद्यालयबाट भागने गर्दछन् । त्यसैगरी विद्यार्थी र शिक्षकबीच सुमधुर सम्बन्ध नहुने हुन्छ भने शारीरिक दण्डले विद्यार्थीहरुमा पीडा बोध, हीनताबोध भई शिक्षक तथा पढाईप्रति नराम्रो धारणा बन्ने जस्ता प्रभावहरु परेको प्रतिक्रया प्र.अ. हरुले दिएका छन् । यसैगरी शिक्षकहरुले भने दण्ड पाएका विद्यार्थीहरु कक्षामा निस्कृय तथा चुपचाप बस्ने, नजान्नेको कुरा पनि नसोधने, पढाई प्रति उत्साहित नहुने, सृजनात्मक पक्षको विकास नहुने, चोटपटक लाग्दा नराम्रो भावनाको सोचाई आउने, पढाईप्रति नराम्रो धारणा बन्ने जस्ता प्रभावहरु परेका प्रतिक्रिया दिएका छन् ।

विद्यार्थीहरुका अनुसार दण्ड दिदा आफुमा निरुत्साहित भावनाको विकास पढाईप्रति अरुचि,दण्ड दिने शिक्षकदेखि डराउने, दण्ड दिने शिक्षकले पढाएको कुरा नबुझ्ने र उनको विषयमा कमजोर नतिजा आउने,आत्मगलानी हुन् प्रतिकिया थियो । विद्यार्थीहरुलाई दण्ड दिने शिक्षकर्सग सधै डराउने, बीचमै कक्षा छोड्ने, आदर नगर्ने, विद्यालय छोड्ने, शिक्षकप्रति नराम्रो धारण, सृजनात्मक पक्षमा कमजोर, जस्ता थुप्रै कुरामा नकारात्मक प्रभाव परेको पाइयो ।

यसै सन्दर्भमा थर्नडाइक (१९३०) प्रयत्न र भूल सिकाईको सिद्धान्तमा मुख्य कुरा दण्ड र पुरस्कारको भूमिकालाई मानेका छन् । कुनैपनि सीकाईमा सन्तुष्ठि र असन्तुष्ठिका परिणामहरु बराबर र विपरित हुन्छन् भनेको थिए । सिकाईमा पुरस्कार मात्र नभई दण्डले पनि प्रभाव पार्दछ । भन्ने कुरा उल्लेख गरेका छन् । यसै सिद्धान्त अनुसार शारीरिक रुपमा दिएको दण्डले पारेको

प्रभावलाई त सबैले थाहा पाउन, बुझ्न सक्दछन् तर मनोबैज्ञानिक रुपमा दिइने दण्डले कति प्रभाव वा असर पुर्याउँछ ? भन्ने कुरा बुझ्न निकै गाह्रो छ । जसको मूल्याङकन गर्न सहज छैन ।

विद्यार्थीहरुलाई मानसिक दण्ड दिदा पर्ने प्रभाव वारेमा ज्ञान नभए पनि वा अनजानमा नै कति शिक्षकहरुद्धारा यसको प्रयोग बढी गरेको पाइन्छ ।

विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुको शारीरिक मानसिक, संवेगात्मक तथा सामाजिक विकासमा पार्ने प्रभावलाई उनीहरुको सम्रग ब्यतित्वलाई नै प्रभाव पुर्याउँदछ । दण्ड भनेको

सकारात्मक पक्षभन्दा बढी नकारात्मक सोचको विकास गराउने एउटा माध्यम हो, त्यसकारण दण्ड दिनु राम्रो होइन् ।

### ४.२.३ धेरै दण्ड पाउने र पुरस्कार पाउने विद्याथीको अनुभव र भोगाई

श्री डोमी चौधरी उ.मा.वि पोखरभिण्डा का एक विद्यार्थी जसले विद्यालयको विभिन्न प्रतियोगितामा बढी पुरस्कार नै पाएको विद्यार्थीको घटना अध्ययन गर्दा सबभन्दा प्रमुख कुरा उसको मनोबल नै उच्च देखिन्थ्यो । ती विद्यार्थीलाई तिमीले पुरस्कार पाएपछि कस्तो अनुभव गर्नुभएको छ ? भन्ने प्रश्नको जवाफमा ती विद्यार्थीले भनी मलाई जुन कामको लागि म पुरस्कार पाउँछु त्यो काम निरन्तर गर्न मन लागेको छ । सरहरुबाट पनि कक्षा कार्य, गृहकार्य, अतिरित्त क्रियाकलाप, वार्षिक परिक्षामा राम्रो गर्दा चौतर्फी रुपमा मलाई ठूलो हौसला प्रदान भएको छ र यस्तो मान-सम्मान पाउने पुरस्काररुपी कुरा मेरो जिवनको लागि प्रेरणाको स्रोत बन्न पुगेको छ । साथै ती विद्यार्थीको वार्षिक कार्य सञ्चिका हेर्दा विद्यालयमा नियमित पोसाक लगाएर आउने, मिलनसारिता, वार्षिक परीक्षाको परीक्षाफल सबैमा उत्कृष्ठ गरेको पाइयो । साथै ती विद्यार्थीको शिक्षकहरुसँगको सम्बन्ध पनि सुमधुर देखिएको थियो ।

श्री. ज.उ.मा.वि. भवानीपुर कक्षा ९ पढ्ने १ विद्यार्थीसँग कुराकानी गर्दा मेरो पढाइ नराम्रो हुनुको एक प्रमुख कारण शारीरिक र मानसिक दण्ड हो । मेरो घरको आमाबुबा पनि अलि कडा स्वाभावको नै छ । ती विद्यार्थीको भनाई अनुसार दण्डले दिमागमा सधै भरी पिटाइ मात्र सोच्ने, पढाइमा चाहना नहुने, मैले के गल्ती गरेको जस्तो लाग्ने, किन दण्ड दिए होलान् भन्ने कौतुहल्ता बढ्ने, सकारात्मक सोच नहुने, नियमीत दण्डको कारण पढाइप्रति सोच नहुने जस्तो

नकारात्मकधारणा व्यक्त गर्नु भयो । साथै कही कतैबाट हौसला नपाउदा मेरो जिवनको बाटो नै अन्धकारमै भएको छ । ती विद्याथीको विद्यालयको रेकर्डमा पनि विद्यालयमा कम आउने, आए पनि बीचमै कक्षा छोडि जाने, वार्षिक परीक्षाको परीक्षाफलमा पनि अधिकांश विषयमा असफल, साथीहरुसँग पनि विनाकारण झै-झगडा गर्ने नकारात्मक बानीव्यवहारहरु देखियो । साथै दण्ड पाउने ती विद्यार्थीको शिक्षक, प्र.अ. सँगको आपसी सम्बन्ध पनि कम देखियो ।

मथिको कुराहरुलाई गहन रुपमा विश्लेषण गर्दा दण्डले विद्यार्थीहरुलाई सकारात्मक प्रभावभन्दा नकारात्मक प्रभाव बढी पर्ने र शिक्षकसँग प्रतिकारमा उत्रिए पछि शिक्षकको समेत इज्जतमा दाग लाग्ने हुँदा दण्ड नदिने कुरामा सबैको एकमत देखिन्छ । त्यसकारण शिक्षकहरुले विद्यार्थीहरुलाई दण्ड दिदै नदिने यदि दिनु नै परेमा कम भन्दा कम दण्ड दिएर शिक्षण गर्दा राम्रो हुन्छ ।

## ४.३ पुरस्कार तथा दण्ड व्यवस्थापनका समस्याहरु

विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्थापनमा विभिन्न किसिमका समस्याहरु देखिन सक्छन् । बालबालिकाहरुको सर्वाङ्गीन पक्षको गर्नका लागि आमाबाबु, दाजुभाई, घरपरिवार तथा छरछिमेकी र समाजको महत्वपूर्ण भूमिका रहेको हुन्छ, त्यो भन्दा बढी महत्वपूर्ण भूमिका विद्यालयको रहेको हुन्छ । त्यसकारण सिकाई क्रियाकलापमा हरेक पक्षलाई सोच व्यक्तिक जीवनमा आँचनआउने गरी विद्यार्थीको हरेक पक्षलाई हौसलापूर्ण तरिकाले सिकाई गर्ने नराम्रा बानी व्यवहारलाई हटाउने किसिमले दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्दछ । साथै पुरस्कार तथा अवस्थामा देखा परेका थप समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ पुरस्कार व्यवस्थापनमा समस्याहरु

#### क पुरस्कृत गर्नु भन्दा दण्डित गर्नु सजिलो ठान्ने प्रवृति

विद्यालयमा शिक्षकहरु प्राय जसो कक्षाकोठा भित्र वा बाहिर जहाँ पनि विद्यार्थीहरुबाट कुनै नराम्रो व्यवहार प्रदर्शन हूने बितिकै तुरन्तै त्यसता विद्यार्थीहरुलाई हँप्काउने, गालि गर्ने नभए दण्ड

को प्रकृर्ती हेरी कुटने सम्मको काम पनि गर्छन तर त्यसको साटो विद्यार्थीहरुको बानी सुधार्ने ब्यवहार नसिकाउने, ति खराब बानी सुधार गर्न भौतिक वा अभौतिक पुरस्कारको प्रयोग गर्न झन्झट मान्ने प्रवृर्ती देखिन्छ ।

**ख ब्यक्तिगत प्रभाव**

पुरस्कार वितरणमा पनि शिक्षकहरुले कहिले काही आफु निकठ वा आसेपासे विद्यार्थीहरुलाई बढी दिएर, प्रश्नपत्रको गोपनियता भंग गरेर भए पनि प्रतियोगिताहरुमा उत्कृष्ठ गराएर पुरस्कृत गर्ने गरेको पाइयो ।

**ग आर्थिक पक्ष**

विद्यालय विद्यार्थीहरुलाई दिइने पुरस्कार, आर्थिक वा भौतिक जुनसुकै पुरस्कार भएपनि यसले आर्थिक पक्षसँग सरोकार राख्छ, जुन विद्यालयको आर्थिक स्थिति कमजोर छ, त्यसतो विद्यालयमा नगद वा भौतिक (कापि, कलम, झोला र पोशाक) पुरस्कार दिदा समस्या सृजना हुन्छ । त्यसतै प्रकारले, अध्ययन क्षेत्रका विद्यालयहरुमा पनि विद्यालयको आर्थिक पक्ष कमजोर भएको पाइयो जसले गर्दा पुरस्कार परिमाण थौरे दिने गरेको पाइयो ।

**घ पुरस्कार अवस्थामा प्र.अ. र शिक्षकको समन्वयको अभाव**

सार्वजनिक विद्यालयमा प्र.अ. र शिक्षकको बीच समन्यवय हुनु नसंकनुले पनि विद्यालयमा पुरस्कार अवस्था सम्बन्धि समस्या आउने गरेको छ । कस्तो किसिमको पुरस्कार ब्यबस्था गर्ने, आर्थिक भौतिक तथा सम्लग्न त्यसमा सरोकारवाला बीच समन्वय गरिनु पर्छ । तर शिक्षक अभिभावक, प्र.अ. को प्रतिक्रियामा समन्बय नभएको प्रतिक्रिया प्रायः शिक्षक, अभिभावक, प्र.अ.बाट पाइयो । स्टाफ बैठक, वि.व्य.स.को बैठक बसी सर-सल्लाह गर्नु पर्ने यस्तो नभएको पनि पाइयो जसले विद्यालयको पुरस्कारको अवस्थामा प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

### ङ. सरोकारवालाहरुबीच द्वन्द्वको श्रृजना

पुरस्कार अवस्थाले गर्दा कसैबाट (सम्बन्धित सराकारवाला) बाट द्वन्द्व, श्रृजना नहुने, मनकुटाव नहुने गरी निष्पक्ष तौरतरीकाबाट सबैको चित बुझ्दो हुनुपर्छ । पक्षपात पूर्ण कुनै राजनैतिक ब्यक्तिको वा पार्टिको मातहतबाट भन्दा सबैको सल्लाहबाट हुनुपर्छ भन्ने धारणा सबैको

पाइयो जसले द्वन्द्व सृजना हुनबाट रोक्न सकोस् । पक्षपात पूर्ण अवस्था भएमा एक अर्कामा शंका उपशंकाको भावना पैदा हुदैन । विद्यालय सबैको साझा र पवित्र थलो हो यसमा पवित्र काम गर्नुपर्छ भन्ने धारणा हुँदाहूँदै पनि प्रायः शिक्षक, विद्यार्थी अभिभावकमा शंकाको भारमा वादविवाद पर्ने गरेको पाइयो । जसले गर्दा द्वन्द्वको सृजना विद्यालयको शैक्षिक वातावरण विग्रन्छ ।

### ४.३.२ दण्ड व्यवस्थापनका समस्याहरु

### क विद्यार्थी कक्षा वा विद्यालय छोडने समस्या

दण्ड आफैमा नराम्रो कार्य भएकोले विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग डराउने, नजानेको कुरा सोधन नसकने, शिक्षकको आदर नगर्ने, विद्यार्थीहरु निरुत्साहित, हतोत्साहित भवनाको सृजना दण्डबाट बदलाको भावना लिने, विद्यालय जान नमानी पढाईप्रति चासो चिन्तन नभई विद्यालय छोडने समस्या बढन थालेको छ ।

### ख दण्ड व्यवस्थापनमा सरोकारवाला विच समन्वय

वर्तमान समयमा आएर शिक्षण सिकाई क्रियाकलाप गर्दा विद्यार्थीहरुलाई कुनै पनि किसिमको दण्ड दिने प्रवाधान नभए तापनि व्यवहारमा त्यो कुरा हुनसकेको छैन । तसर्थ पनि कस्तो किसिमको दण्डसम्म दिन पाउने भन्ने कुराको क्षेत्र सबैको समन्वयमा तोकिनु अनिवार्य छ । नियम पालना नगरी कुनै शिक्षकले अमानविय कार्य गरेमा कडा भन्दा कडा कार्वाहीको व्यवस्था हुनुपर्दछ । तर अध्ययनको क्षेत्रमा परेका विद्यालयमा यस्तो कुनै किसिमको नियम कानुन नभएको साथै प्र.अ., शिक्षक, अभिभावक बीच दण्ड सम्बन्धी कुनै पनि किसिमको समन्वय नभएको देखियो ।

**ग अभिभावक, विद्यालय, शिक्षक र विद्यार्थीबीच सम्बन्ध**

विद्यालयमा शिक्षण सुधारको नाममा दण्ड बढी प्रयोग भए पनि नकारात्मक प्रभाव त पर्छ नै जो विद्यालयको सम्बन्धित व्यक्तिहरु प्रति सम्बन्ध टाढा हुदै जान सकछ । शिक्षकले दण्ड धेरै दिएमा उ प्रति विद्यार्थी, अभिभावक साथै सिङगो समाज नै जाईलाग्न सकछ, जसले विद्यालयकोशैक्षिक वातावरण नै समस्यामा पर्छ जसले गर्दा शिक्षण राम्रो र प्रभावकारी हुन सकदैन्, नकारात्मक प्रभाव बढी र सकारात्मक प्रभाव न्यून हुन सकछ । जसले गर्दा शिक्षक, विद्यालयको इज्जतमा नै प्रश्न चिन्ह खडा हुन्छ भन्ने प्रतिक्रिया सरोकाबालाबाट पाइयो ।

**घ शारीरिक र मानसिक समस्याहरु**

विद्यार्थीमा दण्डले सकारात्मक प्रभाव पार्ने नाममा दिएको दण्डले विद्यार्थीहरुमा शारीरिक रुपमा नराम्रो चोटपटक लाग्न सक्छ, अंगभङ्ग पनि हुन सक्छ, जस्तो कान समातेर उठबस गर्न लगाउने, घाउ चोटपटक लाग्ने गरी लठ्ठी र डस्टले हिकाँउने, गलामा हिर्काउने, कान तान्ने, रौ तान्ने, चिमोट्ने एक अर्काको टाउको ठोकाउने, साथीलाई पिट्ने लगाउने जस्ता शरीरिक दण्ड दिएमा शिक्षक प्रति नै विद्यार्थी रिसाउने, जाइलाग्ने, बदला लिने भावना पैदा भई ठुलो समस्या हुन सक्छन् । त्यस्तै मानसिक वा मनौबज्ञानिक दण्ड जस्तै, गाली गर्ने, झपार्ने, धम्काउने, होच्याउर बोलाउने बिभिन्न उपनाम राख्ने जस्ता लज्जित गराउने मानसिक दण्डको कारण विद्यार्थीमा, हौसलामुखी वा सुधारोन्मुख प्रगति नभएर विद्यार्थीमा निरुतसाहित भावनातिर उन्मुख भई अध्यापन कार्यमा नै समस्या आउन सक्छ । साथै शारीरिक मानसिक दण्डले बालबालिकामा, वृद्धि भएको एकाहोरा, तनावपूर्ण आदि हुने सम्भवाना बढ्छ जसले विद्यर्थी विद्यालयसम्म छोड्न सक्ने समस्या आउन सकछ ।

**ङ दण्ड अवस्थाले गर्दा बालमैत्री वातावरण सृजना**

बालमैत्री विद्यालय भन्नाले बालबालिकाको रुचि, सिकने क्षमता, आवश्यकता अनुसार उनीहरुको आत्मसम्मानजनक कदर गर्दै हिसांरहित वातावरणमा रमाइलोसंग बाल सुलभ ढंगले

सिकने र सिकाउने वातावरण भएको विद्यलायलाई बुझिन्छ तर यसको ठीक उल्टो यदि बालबालिकाहरुलाई उनिहरुको मनोभावनामा चोट लाग्ने कुनैकिसिमको दण्ड (शारीरिक, मानसिक) दिइयो भने बालबालिकाहरु विद्यालय र शिक्षक देखि नै डराउने, रिसाउने, कक्षा छोड्ने गर्छन् जसले

गर्दा त्यहाँ बालमैत्री वातावरण सृजना हुन्न सकिदैन । परिणाम स्वरुप शैक्षिक क्षति हुन्नुको साथै राष्ट्रिय र अभिभावकको लगानी खेर जाने सम्भावना बढेर जान्छ ।

तसर्थ विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुले बालमैत्री वातावरण सुनिश्चिताको लागि शैक्षिक सत्रको सुरुमै बालबालकाहरुको लागि पढने पुस्तक उपलब्ध गराउनु पर्छ । विद्यालयमा घामपानीबाट बच्ने कोठा, बस्ने, बेच्न, पिउने पानी, भोक मेटाउने चमेना गृह, दिसा-पसाब गर्ने चर्पी, सके खेल्ने चौर होस्, गुरु गुरुआमाले पुरा समय पढाई दिनु, बाबु आमाले आफना नानीहरुलाई सधैभरी स्कूल पठाई दिनु, कोहि न छुटनु कोहि नदोहारयाउनु स्कूलमा कोहि कसैद्वारा अपहेलीत र दण्डित हुन नपरोस, स्कूल सबैको फूलबारी होस्, फुल्ने फल्ने मौका सबैलाई मिलोस भन्ने वातावरणको निर्माण गर्नुपर्दछ ।

## ४.४ पुरस्कार तथा दण्ड व्यवस्थापनमा देखा परेका समस्या समाधानका उपायहरु

विद्यालयमा दण्ड र पुरस्कारको अवस्था गर्दा देखिएका समस्याहरुको समाधानका लागि प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकका भनाई, धारणा, एवम् प्रतिक्रिया र प्रत्यक्ष अप्रत्यक्ष शिक्षण अवलोकन, दण्ड र पुरस्कार पाएका विद्यार्थीको घटना अध्ययन, विद्यालय रेकर्डका आधारमा समाधानका उपायहरु तल प्रस्तुत गरिएको छ ।

### ४.४.१ विद्यालयको आर्थिक अवस्था हेरी पुरस्कारको व्यवस्था

विद्यार्थीलाई कुनै पनि राम्रो काम गरेवापत वा उसको शिक्षण सिकाईलाई अभिप्ररित वा हौसलामुखि गराउन दिइने पुरस्कार जथाभावी वा एउटा (प्र.अ., शिक्षक, अभिभावक) को मनोमानी तरिकाले नदिई विद्यालयको आर्थिक अवस्था अनुसार दिनुपर्ने देखिन्छ जसले सबै पक्षको मनोभावनालाई कायम गर्न सकोस् ।

### ४.४.२ बालमैत्री विद्यालयको वातावरण सृजना

विद्यार्थीहरुलाई सिकाईप्रति आकर्षण गर्न विद्यालयमा रमाईलो बालमैत्रीपूर्ण वातावरणमा हौसलामुखी अवसर प्रदान गरी विद्यालय तथा कक्षाकोठामा विद्यार्थहिरुलाई निरकुशताको प्रयोग नगरी स्वतन्त्रतापूर्वक आफ्ना जिज्ञासाहरु राख्न सक्ने, नजानेको सहजै सोध्न सक्ने

शिक्षकहरुको विद्यार्थीहरुलाई गराउनु पर्ने जसले गर्दा विद्यालय छोडने होइन कक्षामा आउने प्रेरित गर्न सकोस् ।

### ४.४.३ शारीरिक तथा मानसिक दण्डलाई निरुत्साहित गरी प्रेरणादायी वातावरण निर्माण

विद्यार्थी विभिन्न शारीरिक तथा मानसिक दण्ड जस्ता कडा नियम बनाएर हतोसाहित बनाउनु भन्दा विद्यालयमा सबै पक्ष मिलेर छलफल र सहकार्यको नीति नियम बनाउनुपर्ने शारीरिक र मानसिक दण्डलाई निरुत्साहित गरी उनीहरुको विग्रदो जीवन वा भविष्यलाई अगाडी प्रेरित गर्नुपर्ने देखिन्छ ।

### ४.४.४ पुरस्कार वितरणमा मितव्यता कायम

विद्यालय एउटा पवित्र थलो भएकोले यसमा अपवित्र र कुकार्य गर्ने व्यक्तिलाई उचित किसिमको कारवाहीको व्यवस्था वि.व्य.सं.वा सम्बन्धित निकायको उच्च निकायले व्यवस्था गर्नुपने पुरस्कारको अव्सथा गर्दा स्वच्छ प्रभावकारी र पक्षपातपूर्ण  तरिकाले गर्ने जसले कसैको, मनमुटाव वा झगडा तेरो-मेरो भन्ने राजनैतिक व्यक्तिगत दबाव झेल्नु नपरोस जसले गर्दा पुरस्कार पक्षपातपूर्ण हुनुपर्ने देखिन्छ । जसको कारण द्वन्द ननिम्त्याओस्, पुरस्कार सम्बन्धि अभिभावक, वि.व्य.स. र स्टाफ बसी निर्णय गर्ने आफ्ना छोराछोरीले पाउने दण्डको र त्यसले पार्ने प्रभावहरुका बारेमा अभिभावकहरु समयमै सचेत हुनुपर्ने र आफ्ना छोराछोरीले प्राप्त गर्ने पुरस्कारलाई बढुवा

दिन, दण्ड र पुरस्कारको व्यवस्था राम्रोसँग गर्न अभिभावकहरुले विद्यालय परिवारलाई समय-समयमा घच्घच्याउनु आवश्यक देखिन्छ ।

### ४.४.५ सरोकारवालाबीच दण्ड सम्बन्धि व्यवस्थाको निर्माणमा एकरुपता

दण्ड सम्बन्धि व्यवस्था सबै सरोकारवाला (शिक्षक, प्र.अ. तथा अभिभावक) बीच समन्वय गरी कस्तो किसिमको दण्डसम्म दिन पाउने भन्ने कुराको क्षेत्र तोकिनुपर्ने वा त्यसको विकल्प खोजीगरी लागु गर्नुपर्ने साथै नियम पालना नगरी कुनै शिक्षकले अमानविय कार्य गरेमा कडा कारवाहीको व्यवस्था गर्नुपर्ने ।

### ४.४.६ दण्डलाई निरुत्साहित गरी होसलामुखी र सुधारमुखी शिक्षण

दण्डले गर्दा विद्यार्थीहरुको सर्वाङ्गीन पक्षमा कमजोर महसुस भई सुधारात्मक भन्दा गिरावट आएर, प्रधानाध्यापक र शिक्षकहरु प्रति नकारात्मक धारणाको प्रतिशोघको भावना विकास भएकोले त्यसलाई त्याग गरी त्योबाट सुरक्षित हुन पुरस्कृत र बालमनोभावना बुझेर मात्र शिक्षण गर्नुपर्ने ।

### ४.४.७ पुरस्कार सम्बन्धी अभिभावक, वि.व्य.स. र स्टाफ बैठक बसि निर्णय

आफ्ना छोराछोरीले पाउने दण्डको र त्यसले पार्ने प्रभावहरुका बारेमा अभिभावकहरु समयमै सचेत हुनुपर्ने र आफ्ना छोराछोरीले प्रप्त गर्ने पुरस्कारलाई बढावा दिन र दण्ड र पुरस्कारको व्यवस्था राम्रोसँग गर्न अभिभावकहरुले विद्यालय परिवारलाई समय-समयमा खबरदारी गर्न आवश्यक देखिन्छ ।

### ४.४.८ विद्यार्थीलाई सुधारात्मक बाटोतिर लाग्न अभिप्रेरणा

पुरस्कार पाउनेले नपाउनेलाई हेप्ने, थर्काउने, जिस्काउने, लज्जित बनाउने, घमण्ड गर्ने, शिक्षकसँग टाढिने जुन प्रवृति छ त्यसमा विद्यार्थीलाई आफ्ना अभिभावक, शिक्षक विद्यालय प्रशासनले सकारात्मक बाटोतिर लाग्न अभिप्रेरित गर्नुपर्ने देखिन्छ जसले उनीहरुको अहम घमण्डी मनोविचार न्यूनिकरण होस् ।

## परिच्छेद पाँच

## निष्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

विद्यालयहरुमा प्रधानाध्यापक र शिक्षकद्वारा दण्ड दिदा विद्यालय जान नमान्ने, बीचैमा कक्षा छोड्ने, विद्यलय जानै छोड्ने, उपस्थितिमा कमी आउने, पढाईप्रति रुचि नजाने र प्रतिशोधको भावना उत्पन्न भई शिक्षक र विद्यार्थी विचको सम्बन्ध चिसो हुने गरेको अध्ययनको निष्कर्ष रहेको छ । यसले गर्दा विद्यालयको सिकाईमा प्रत्यक्ष प्रभाव परेको देखियो । विद्यालयमा प्र.अ.ले सबैलाई दण्ड दिनुभन्दा उदण्डतापूर्वक कार्य गर्नेलाई वा विद्यालयमा नराम्रो कार्य गर्ने विद्यार्थीहरुलाई दण्ड दिने गरेपनि कक्षा कार्य, गृहकार्य कहिल्यै नगर्ने बानी व्यवहार भएका कापी, कलम, किताब नै नल्याएर विद्यालय आउने विद्यार्थीहरु विशेष दण्डित हुने गरेको कुरा अध्ययनले देखाएको छ भने पढाईमा उत्कृष्ठ हुने तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरु मात्र पुरस्कृत हुने गरिएको छ ।

शिक्षकले आफ्नो गल्ति, कमजोरी ढाकछोप गर्न कक्षाकोठा अनुशासित र शान्त बनाउन विद्यार्थीहरुलाई विना कारण दण्ड दिने तर पुरस्कार दिदै नदिने गरेको छ । त्यसैगरी उत्कृष्टलाई मात्र भौतिक पुरस्कार, कापी, कलम, पेन्सिल, झोला, ड्रेस, प्रमाणपत्र, मेडल दिने, गरिएको छ । यो अध्ययनले देखाउँछ कि विद्यालयमा विद्यार्थीहरुले नराम्रो काम गरेपछि अफिसमा लिएर प्र.अ.को जिम्मा लगाउने, विद्यार्थीहरुलाई धेरै पटकसम्म सम्झाउने, अभिभावकलाई बोलाएर जानकारी गराउने मानसिक दण्ड दिने व्यवस्था सबै विद्यालयमा भएको छ । साथै अनुशासित र सफासुग्धर हुने विद्यार्थीलाई पुरस्कृत गर्ने भएको छ । निष्कर्षमा रुपमा भन्नु पर्दा विद्यालयमा विद्यार्थीहरु समयभित्र कक्षा कोठाभित्र नआएमा कक्षाकार्य, गृहकार्य नगरेमा, चक चक र झगडा गरेमा शिक्षकले पढाएको समयको बीचमा प्रश्न सोधेको शारीरिक र मानसिक दण्डको प्रयोग बढी गर्ने हुँदा विद्यार्थीमा हीनताबोध, शिक्षकप्रति प्रतिशोधको भावना आत्मग्लानी र वेइज्जत भई चिन्तित हुने कुरा घटना अध्ययनले देखाएको छ ।

विद्यालयमा विद्यार्थीहरुलाई शारीरिक वा मानसिक दण्डको सट्टा विद्यार्थीलाई सम्झाई-बुझाई स्यावासी, राम्रो, अति राम्रो अझै प्रयास गर भन्ने जस्ता प्रजातान्त्रिक पद्धतिअनुसार पुरस्कारको माध्यमबाट शिक्षण गर्नुपर्ने धारणाहरु सम्बन्धित सरोकारवालाहरुबाट प्राप्त भएको छ । तर समग्रमा दण्डलाई प्रयोग नगर्ने भन्दा केही कम प्रयोग गर्ने कुरा स्पष्ट भएको छ । साथै दण्ड र पुरस्कारको व्यवस्था गर्दा सबै सरोकारवालाहरुको समन्यव र समझदारीमा गरिनु पर्ने कुरा पनि अध्ययनले देखाएको छ । दण्ड र पुरस्कारको बारेमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक सबैले दण्ड अनुचित कार्य र पुरस्कार उचित कार्य भएको कुरामा सहमत छन् । यो अध्ययनबाट विद्यार्थीहरुको भविष्य उज्यालो बनाउने कार्यमा जोड दिनुपर्ने तर विद्यालयहरुमा विद्यार्थीको सर्वाङ्गीन विकासमा नकारात्मक असर पुर्याउने खालका क्रियाकलाप कुनै पनि हालतमा गर्दा नहुने कुरा यस अध्ययनले निष्कर्ष निकालेको छ ।

## ५.२ सुझाव

सार्वजनिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्थाको अध्ययन गर्ने क्रममा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुका भनाई धारणा एवं प्रतिक्रियामा र प्रत्यक्ष अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन, दण्ड पाएका विद्यार्थीहरुको घटना अध्ययन यी विद्यार्थीहरुको विद्यालय रेकर्ड अध्ययनबाट प्राप्त सूचना र जानकारीहरुको विश्लेषण तथा व्याख्यापछि प्राप्तिका आधारमा दण्ड न्यूनीकरण र पुरस्कार प्रयोगमा वृद्धि होस् भन्ने मनसायले यस अध्ययनका प्राप्ति र निष्कर्षमा आधारमा निम्नलिखित सुझावहरु पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालय तहमा दण्ड र पुरस्कारको अवस्था राम्रो र प्रभावकारी ढंगले व्यवस्थापनवा पहिचान गर्नका लागि विभिन्न निति अपनाउनु पर्दछ ।

मात्रले सम्भव हुदैन्, विद्यालयको माथिल्लो निकाय जिल्ला शिक्षा कार्यालय, क्षे.शि.नि., शिक्षा विभाग देखि मन्त्रालय सम्मका साथै स्थानीय स्तरमा आवश्यक सुझाव सल्लाहको लागि दण्ड र पुरस्कार अवस्थाको प्रभावकारी उपाय खोजिनुपर्छ । सामुदायिक विद्यालयत झन् वि.व्य.स.को अधिकारमा निहित भएकोले दण्ड र पुरस्कारको विद्यालयमा अवस्था गर्ने भन्ने कुरामा नीति निर्माण गर्ने दिनुपर्दछ । जसले गर्दा शिक्षक विद्यार्थी अभिभावकहरु र वि.व्य.स.बीच छलफल भई सही नीति निर्माण गर्न सजिलो हुन्थ्यो । विद्यालयमा दिइने शारीरिक र मानसिक दण्डबाट विद्यार्थीहरुमा गम्भीर

प्रभाव पुर्याउने खालका दण्ड दिने प्रधानाध्यापक तथा शिक्षकलाई विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा अधिकारी स्रोतव्यक्तिले विभागीय कारवाही गर्ने सक्ने नितिगत व्यवस्था हुनुपर्ने र पुरस्कारबाट पर्ने गम्भीर प्रभावलाई केलाएर कार्यान्वयनमा ल्याउनुपर्ने जस्ता नीति हुन आवश्यक देखिन्छ ।

विद्यालयमा शिक्षकले विद्यार्थीहरुलाई गर्नुपर्ने व्यवहारको अवलोकन गर्ने र नीति नियमको व्यवस्था गरी जिल्ला शिक्षा कार्यालयले अनुगमनको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । दण्डबाट विद्यार्थीमा बढी नकारात्मक प्रभाव र सकारात्मक प्रभाव कम परेकोले दण्डका वैकल्पीक उपायहरु अवलम्बन गर्ने प्रक्रिया शिक्षकले अगाल्नुपर्ने देखिन्छ । दण्डलाई निरुत्साहित गरी पुरस्कारलाई प्रोत्साहित गर्ने शिक्षकले उचित तालिम बालमनोविज्ञानको ज्ञान दिने व्यवस्था माथिल्लो निकायबाट दिने निती नियमको व्यवस्था गर्नु पर्यो । समग्रमा विद्यार्थीलाई दिइने शारीरिक र मानसिक जस्ता दण्डलाई राज्यले प्रतिबन्ध गर्न लगाई पुरस्कारलाई कार्यान्वयन गर्ने व्यवस्था राज्यले विद्यालयलाई मिलाउनु पर्ने पहल गर्नुपर्ने देखिएको छ ।

### ५.२.२ अभ्यास तह

विद्यालय तहमा दण्ड र पुरस्कार सम्बन्धि सबैलाई पूर्ण ज्ञान नहुँदा, कस्तो समयमा दण्ड र पुरस्कार दिने साथै बालमनोविज्ञानको पूर्ण ज्ञान नहुँदा सरोकारवाला सबैलाई समस्या सिर्जना भएको देखिन्छ । दण्ड र पुरस्कार अवस्था गर्छ सम्बन्धित कार्यक्रम बनाउने क्रममा विद्यालय र त्यसमा सरोकार राख्ने सरोकारवाला व्यक्तिहरुसँगै अगाडि बढाउनु पर्ने देखिन्छ । जसको

सहायतबाट विभिन्न व्यक्तिको दण्ड र पुरस्कार सम्बन्धी विचार, राय, सल्लाह बुझी, समाजको आवश्यकता पहिचान गरेर निर्णयमा पुग्न सकिन्छ । जसले वर्तमान समय अनुसारको सुझाव एवम् सल्लाह प्रदान गरी अनुसन्धानकर्ताको  उद्देश्यनुसारको प्रतिफल प्राप्त गर्न सकिन्छ ।

विद्यालय तहमा दण्ड र पुरस्कारको अवस्थाको क्रममा प्रधानाध्यापक, विषय शिक्षका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, बुद्धिजीवि, सामाजिक संघ संस्थाहरुसँग समन्वय गर्नुपर्ने, शिक्षकलाई मनोविज्ञान सम्बन्धी समय समयमा तालिमको व्यवस्था गर्ने, सिकाई क्रियाकलापमा दण्ड र पुरस्कार व्यवस्थापनले गर्दा शारीरिक, मानसिक समस्या समाधानका लागि विज्ञहरु र उच्च निकायसँगको सम्पर्क बढाउने । प्र.अ. बाट आफ्नो विद्यालयमा रहेको शिक्षकहरुको

शिक्षण क्रियाकलाप निरिक्षण तथा मूलयाङ्कन गर्नुपर्ने, विद्यार्थीको शौक्षिक उपलब्धीको आधारमा शिक्षक विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्नु पर्ने हुन्छ ।

दण्ड र पुरस्कारको  अवस्थामा शिक्षक, कुनैपनि स्वार्थमा नलागी पेशाप्रति बढी समर्तित हुने गर्नुपर्दछ । यसको सरकारी तथा स्थानीय स्तरबाट अनुगमन र निरिक्षण गर्नुपर्दछ । ताकी दण्ड मुखी, सिकाई भन्दा पुरस्कार मुखी शिक्षणमा अभिप्रेरित गर्न सकोस् । विद्यालयमा बेलाबेलामा दण्ड पुरस्कारको प्रयोग सम्बन्धि अभिमुखीकरण तालिमको व्यवस्था गनुपर्ने देखिन्छ ताकी, बालमनोविज्ञान सम्बन्धि ज्ञान नभएका शिक्षकको लागी राहत पुगोस । जिल्ला शिक्षा कार्यालयको अनुरोधमा स्रोतव्यक्तिको सहभागीतामा बेला-बेलामा शिक्षका, अभिभावक, विद्यालय व्यवस्थापन समिती बिच दण्ड र पुरस्कारको अवस्था कसरी गर्ने, किन गर्ने,कुन समयमा गर्ने जस्ता विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । जसले सरोकारवालाहरुको विचको चिसोपन बढने शंकालाई निरुत्साहित गर्न टेवा पुर्याउने साथै विद्यालयले अभिभावकहरुलाई यसवारे जानकारी दिई विद्यालयको भ्रमण गर्न उत्साहि गर्नको साथै समय-समयमा अभिभावक भेलाको आयोजना गरी उनीहरुमा बालबालीकाको, हरेक पक्षको जानकारी उपलब्ध गराउनुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययनको क्रममा विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थापन सम्बन्धि अध्ययन गरिएको हुँदा यस सम्बन्धि अन्य पक्षहरुलाई पनि अध्ययन गर्न सजिलो हुनेहुँदा अभ्यास तहमा सरोकारवालालाई थप जिम्मेवार बनाई वर्तमानमा देखिएका समस्या वा कठिनाईहरु र भविष्यमा देखापर्ने समस्याहरुलाई हटाउनको लागि थप अनुसन्धान गर्न जोड दिनुपर्ने देखिन्छ ।

विद्यार्थीहरुलाई विद्यालयमा कुनै पनि प्रकारको दण्ड नदिई पूण रुपमा बालमैत्री वातावरण सिर्जना गरेमा उनीहरुको पढाईमा प्रगति हुन्छ, कि भन्ने सन्दर्भमा पनि सम्बन्धित विषयमा सरोकारवालाहरुको अनुसन्धानको विषय बन्नु पर्ने देखिन्छ । साथै संस्थागत र सार्वजनिक विद्यालय मध्ये कुनमा दण्ड र पुरस्कारको व्यवस्थापन वैज्ञानिक तरिकाले भएको छ , भन्ने कुरा पनि अनुसन्धान गरिएको छ ।

## सन्दर्भग्रन्थ सूची


**अधिकारी**, विष्णुप्रसाद (२०६८), *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि।

**आचार्य,** नन्दकुमार (२०६६), *'हाम्रो विद्यालयमा दण्ड र पुरस्कारको अवस्था कस्तो छ,* पाठयक्रम तथा मूल्याङ्कन, पृ.२७-२९ ।

**नेपाल,** मोदनाथ (२०६६), सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाईको तुलनात्मक अध्ययन, (शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपत्र), केन्द्रीय विभाग, त्रि.त्रि., कीर्तिपुर ।

*नेपालको अन्तरिम संविधान (२०६३),* नेपाल सरकार, काठमाडौं ।

**बोहरा,** शेरवहादुर (२०६५), *प्राथमिक विद्यालयमा दण्डको अवस्था,* (शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपुत्र), शिक्षाशास्त्र केन्द्रिय विभाग,त्रि.वि., कीर्तिपुर ।

सेभ द चिल्ड्रेन (२००९), *विद्यालय वालसुलभता र सजायको अवस्था,* काठमाडौंः लेखक

**शर्मा ,** चिरन्जीवी (२०६३), *कक्षाकोठा मनोविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स

**शर्मा ,** चिरञ्जिवी र शर्मा, निर्मला (२०६७), *शिक्षा मनोविज्ञान,* काठमाडौः एम.के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी ।

CERID (1986), A study on dropout in primary level education, Kathmandu: M.P. Mainali.

## अनुसूची १

### प्र.अ को लागी निमार्ण गरिएको प्रशनावाली

विद्यालयको नाम : शैक्षिक योग्यता

प्र.अ.को नाम : उमेर

ठेगाना : तालिम

शिक्षण अनुभव :

कृपया सहि प्रतिक्रिया दिई सहयोग गरिदिनु होला ।

१) तपाईले विद्यालयमा शिक्षकहरुले शिक्षण गर्दा अनुगमन गर्ने गर्नु भएको छ कि छैन ? किन?

२) तपाईको विद्यालयमा दण्ड र पुरस्कार सम्बन्धि अवस्था वा नितिनियम के कस्तो छ ?

३) तपाईको विद्यालयमा विद्यार्थीहरुलाई कस्तो कस्तो अवस्थामा दण्डमा र पुरस्कार दिने गर्नु भएको छ ?

४) तपाईले शिक्षकहरुलाई कस्तो कस्तो अवस्थामा दण्ड र पुरस्कार दिनको लागि निर्देशन गर्नु भएको छ ?

५) विद्यार्थीहरुलाई दण्ड र पुरस्कार दिनु आवश्यक छ कि छैन ? किन ?

६) दण्ड र पुरस्कार सम्बन्धि तपाईको धारण के कस्ता छ ?

७) तपाईको विद्यालयमा विद्यार्थीहरुलाई कस्तो कस्तो प्रकारको दण्ड र पुरस्कार दिने गर्नु भएको छ ? र किन ?

८) तपाईको विद्यालयमा विद्यार्थीलाई किन दण्ड दिने गर्नुभएको र पुरस्कार किन दिने गर्नुभएको छैन ?

९) किन पुरस्कार दिने गर्नुभएको छ र दण्ड किन गर्नुभएको छैन ?

१०) दण्ड र पुरस्कार पाएपछि विद्यार्थीहरु के कस्तो प्रभाव छ ? थाहा पाउनु भएको छ ?

११) विद्यालयमा दण्ड पुरस्कारको अवस्थामा कस्ता कस्ता समस्याहरु आउदछ ।

१२) दण्ड र पुरस्कार विद्यार्थीको कुन कुन पक्षमा असर परेको छ ?

१३) तपाईको विचारमा दण्ड र पुरस्कार मध्ये कुन बढी प्रयोग गर्नु उपयुक्त हुन्छ होला ? किन?

१४) विद्यालयमा विद्यार्थीहरुलाई दिने दण्ड र पुरस्कार सम्बन्धि तपाईको धारणा के छ ?

१५) विद्यार्थीहरुलाई दण्ड र पुरस्कार दिएपछि विद्यार्थी र अभिभावकबाट कस्तो कस्तो प्रतिक्रिया आउने गरेको छ ?

१६) पुरस्कार पाएपछि विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलाप के कस्तो प्रभाव देख्नु भएको छ ?

१७) दण्ड र पुरस्कार सम्बन्धि तपाईको धारण (विचार) के छ ?

## सार्वजनिक विद्यालयमा दण्ड तथा पुरस्कारको व्यवस्थापन

### अनुसूची २

### शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाम : अध्यापन गर्ने विषय

शिक्षकको नाम : शैक्षिक योग्यता

शिक्षण अनुभव : उमेर

शिक्षकको किसिम : तालिम : प्राप्त/अप्राप्त

(स्थायी, अस्थायी, राहत, निजी)

कृपया तलको प्रश्नहरुको गहिरो उत्तर दिनु होला ।

१) तपाई कक्षाकोठामा प्रवेश गर्दा विद्यार्थीले के गरिरहेका हुन्छन् ?

२) तपाई कक्षाकोठामा प्रवेश गर्दा के लिएर प्रवेश गर्नुहुन्छ ?

३) तपाईको विद्यालयमा दण्ड /सजाय के कस्तो छ ?

४) पुरस्कार सम्बन्धि के कस्तो व्यवस्था छ ?

५) तपाईले विद्यार्थीहरुलाई दण्ड दिने गर्नुभएको छ कि छैन ? यदि भए कस्तो दण्ड दिने गर्नुभएको छ ?

६) दण्ड दिने गरेको भए कस्तो अवस्थामा दिने गर्नुभएको छ ?

७) दण्ड र पुरस्कारको व्यवस्थाको गर्दा विद्यार्थीको सिकाई उपलब्धिमा कतिको फरक पाउनु भएको छ ?

८) दण्ड सम्बन्धि तपाईको धारणा के छ ? किन ?

९) पुरस्कार सम्बन्धि तपाईको धारणा के छ ? किन ?

१०) तपाईले कस्तो प्रकारको दण्ड दिने गर्नुभएको छ ?

११) दण्ड दिदा प्र.अ.र अभिभावकहरुबाट कस्तो प्रतिकिया पाउनु छ ?

१२) पुरस्कार दिनु पर्दा भौतिक वा अभौतिक मध्ये कुन दिन मन पराउनु हुन्छ ?

१३) तपाईले आफ्नो विद्यालयमा दण्ड र पुरस्कारको अवस्थामा देखिएका चुनौतीहरु के कस्ता छ

१४) दण्ड पाउने गरेको विद्याथीका के कस्तो प्रभाव परेको छ ?

१५) पुरस्कार पाउने गरेको विद्यार्थीमा के प्रभाव पारेको छ ?

१६) तपाईको विचारमा दण्डर पुरस्कार मध्ये कुन दिनु आवश्यक हुन्छ ?

१७) दण्ड र पुरस्कार दिएपछि तपाईसँग विद्यार्थी र अभिभावकबीचको सम्बन्ध के कस्तो रहेको छ ?

१८) विद्यार्थीलाई दण्ड दिएपछि तपाईलाई कस्तो अनुभव हुन्छ ?

## अनुसूची ३

### विद्यार्थीहरुका लागी निर्माण गरिएका प्रश्नावली

विद्यार्थीको नाम : छात्र/छात्रा

विद्यार्थीलयको नाम : उमेर

कक्षा :

रोल नं. :

तलका प्रश्नको ठिक उत्तर लेख :

१) तिम्रो विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्था छ कि छैन ?

२) तिमीले दण्ड र पुरस्कार पाएका छौ कि छैनौ ?

  क) यदि दण्ड पाएको भए कस्तो अवस्थामा पाएका छौ ?

  ख) पुरस्कार पाएको भए कस्तो अवस्थामा पाएका छौ ?

३) तिमीले दण्ड र पुरस्कार मध्ये बढी कुन पाएका छौ ?

४) यदि बढी दण्ड पाएको भए कुन प्रकारको दण्ड पाएका छौ ?

५) बढी पुरस्कार पाएको भए प्रकारको के के पुरस्कार पाएका छौ ?

६) दण्ड र पुरस्कार सम्बन्धि तिम्रो के धारणा रहेको छ ?

७) तिम्रो विचारमा दण्ड र पुरस्कार दिनु आवश्यक छ कि छैन ?

  क) यदि दण्ड दिनु आवश्यक भए किन ?

  ख) दण्ड दिनु आवश्यक छैन भने किन छैन ?

ग)   पुरस्कार दिनु आवश्यक भए किन ?

८)   दण्ड  र पुरस्कार मध्ये कुन दिनु आवश्यक छ ?

९)   तिमीले दण्ड पाएपछि कस्तो अनुभव गर्छौ ?

१०)   पुरस्कार पाएपछि तिमीलाई कस्तो अनुभव हुन्छ ?

११)   तिमीले दण्डको सता पुरस्कार प्राप्त गर्न के गर्नु पर्ला जस्तो लाग्छ ?

## अनुसूची ४

### अभिभावका लागी निर्माण गरिएका प्रश्नावली

विद्यार्थीको नाम : छात्र/छात्रा

विद्यालयको नाम : उमेर

कक्षा :रोल नं. :

तलका प्रश्नको ठिक उत्तर लेख :

१) तपाईको छोराछोरीले पढ्ने विद्यालय कति टाढा छ ?

२) तपाईको छोराछोरीको विद्यालयमा दण्ड/सजायको के कस्तो व्यवस्था छ ?

३) विद्यालयमा पुरस्कारको के-कस्तो अवस्था छ ?

४) तपाईको छोराछोरीले दण्ड र पुरस्कार पाउने गरेको छन् कि छैनन् ?

५) यदि दण्ड पाएको भए कस्तो अवस्थामा पाउने गरेको छन् ?

६) पुरस्कार पाएको भए कस्तो अवस्थामा पाउने गरेका छन

७) दण्ड/सजाय सम्बन्धी तपाईको धारणा के छ ?

८) तपाईको विचारमा किन दण्ड दिनु आवश्यक छ ?

९) पुरस्कार दिनु किन आवश्यक छ ?

१०) यदि दण्ड दिने भए कस्तो प्रकारको दिनु आवश्यक छ ?

११)    पुरस्कार दिने भए कस्तो प्रकारको दिनु आवश्यक छ ?

१२)    तपाईको छोराछोरीले किन दण्ड पाउने गरेको छन् ? पुरस्कार किन पाउने गरेका छैनन्

१३)    पुरस्कार किन पाउने गरेका छन् ? दण्ड किन पाउने गरेका छैनन्?

१४)    तपाईको छोराछोरीमा दण्ड/सजायको के -कस्तो प्रभाव छ ?

१५)    पुरस्कारले के-कस्तो प्रभाव पारेको छ ?

१६)    तपाईको छोराछोरीले विद्यालयमा दण्ड ठीक/बेठीक के छ, किन ?

१७)    छोराछोरीले पाएको पुरस्कार ठीक/बेठीक के छ ? किन

१८)    दण्ड पाएको दिन र पुरस्कार पाएको दिन घरमा छोराछोरीको व्यवहार कस्तो हुन्छ ?

१९)    दण्ड र पुरस्कारले तपाईको छोराछोरीमा के-कस्तो सुधार ल्याएको छ ?

२०)दण्ड र पुरस्कार पाएपछि तपाई र शिक्षकबीचको सम्बन्ध कस्तो रहेको छ ?

२१ ) दण्ड र पुरस्कार सम्बन्धी तपाईको विचार के छ ?

## अनुसूची ५

## कक्षा शिक्षण अवलोकन फारम

विद्यार्थीको नाम : कक्षा

शिक्षकको नाम : विषय

| **क.सं** | **अवलोकन गरिने विषयवस्तु** | **अनुसन्धानकर्ताको प्रतिक्रिया** |
|---|---|---|
| १ | कक्षामा प्रवेश गर्दा<br>o तोकिएको समयमा भित्र<br>o तोकिएको भन्दा पछिको समय<br>o तुरुन्त हाजिरी<br>o केही समयपछि हाजिरी<br>o हाजिरी गर्दा दण्ड<br>o हाजिरी गर्दा पुरस्कार/सम्बलन<br>o हातमा लठ्ठी/कापी कलम<br>o बोलिको नम्रता (शिक्षण गर्दा)<br>o बोलिको खस्रोपन (शिक्षण गर्दा)<br>o माया, ममता, स्नेह, सम्बलन | |

| | | |
|---|---|---|
| | o दमनात्मक/रिसाह | |
| २ | कक्षाकार्य/गृहकार्य<br>o जाँच गरेको/नगरेको<br>o जाँच गरेपछि शिक्षकले विद्यार्थीलाई गर्ने कार्य<br>o गृहकार्य/कक्षाकार्य गर्ने विद्यार्थीहरुलाई दण्ड/सजाय र पुरस्कार<br>o गृहकार्य/कक्षाकार्य गर्ने विद्यार्थीहरुको दण्ड/सजाय वा पुरस्कार दिने | |
| ३ | दण्ड र पुरस्कारको व्यवस्था<br>o नियमित समयमा प्रार्थना आउने (दण्ड/पुरस्कार)<br>o कक्षाकोठा समयमा भित्र बस्ने (दण्ड/पुरस्कार)<br>o कक्षाभित्र वातावरण शान्त (दण्ड/पुरस्कार)<br>o कक्षा कोठा शिक्षणमा अनुशासित भएमा ( दण्ड/पुरस्कार)<br>o विषयवस्तुमा चासो राख्ने/नराख्ने (दण्ड/पुरस्कार) | |
| ४ | कस्तो अवस्थामा दण्ड दिने ?<br>o कक्षा शिक्षणमा सक्रिय हँदा/नहँदा<br>o गृहकार्य/कक्षाकार्य गर्दा/नगर्दा | |

| | | |
|---|---|---|
| | o नियमित कक्षामा आउँदा/नआउँदा<br>o सोधेको प्रश्नको उत्तर जानेमा/नजानेमा<br>o साथीसँग झै-झगडा गरेमा<br>o विषयवस्तु शिक्षण गर्दा बीचमा हल्ला गरेमा<br>o शिक्षकसँग टाढिएपछि | |
| ५ | कस्तो प्रकारको दण्ड दिने ?<br>o शारीरिक दण्ड (हिर्काउने, लठ्ठी, डस्टर, चिमोटेने, आँखीभौ तान्ने, दुई औलाको बीचमा कलम राखेर च्यापीदिने, उठबस गराउने )<br>o मानसिक दण्ड (लाटो, काला, लठेब्रो, भकभके, डेडो, बाँदर भनि नाम राख्ने)<br>o लल्जालु/हिनताबोध शब्द बाल्ने । | |
| ६ | कस्तो अवस्थामा पुरस्कार दिने ?<br>o कक्षाकार्य, गृहकार्य नियमित गरेमा<br>o विद्यालयमा नियमित आएमा<br>o कक्षामा अनुशासित भएमा<br>o शिक्षकले भने अनुसार काम गरेमा<br>o पढाइमा राम्रो प्रगतिको सुधार गरेमा<br>o परीक्षामा प्रथम, दितीय र तृतीय भएमा | |

| | | |
|---|---|---|
| | o शिक्षकहरुको प्यारो भएमा्<br><br>o शिक्षकसँग नजिक भएपछि | |
| ७ | कस्तो प्रकारको पुरस्कार दिने ?<br><br>o आर्थिक (नगद ⁄ चेक)<br><br>o भौतिक (किताब, कापी, कलम, पदक, प्रशंसापत्र, ताम्रोपत्र)<br><br>o सम्बलन (स्याबास, धन्यावाद, राम्रो, धेरै राम्रो, प्रशंसा गर्ने धापा मार्ने) | |
| ८ | दण्ड र पुरस्कारले विद्यार्थीहरुमा पारेको प्रभाव?<br><br>o सकारात्मक (राम्रो, प्रगति, उपलब्धि)<br><br>o नकारात्मक (नराम्रो, कमजोर, हतोत्साहित, विद्यालय समेत आउन छाडेको) | |
| ९ | कमजोर विद्याथीसँग शिक्षकको सम्बन्ध<br><br>o राम्रो ⁄ नराम्रो<br><br>o हौसला प्रदान ⁄ निरुत्साहित | |
| १० | जेहेन्दार विद्यार्थी र शिक्षक बीचको सम्बन्ध<br><br>o राम्रो, नराम्रो, नजक, टाढा<br><br>o हौसला ⁄ हतोत्साहित | |
| ११ | दण्ड र पुरस्कार पाएपछि विद्यार्थीको स्वभाव | |

| | | |
|---|---|---|
| | o उत्साहित, न्यास्रो/हँसिलो | |
| १२ | दण्ड र पुरस्कार पाएपछि विद्यार्थी र शिक्षक बीचको सम्बन्ध<br>o नजिकको<br>o टाढाको<br>o डराएको<br>o नडराएको | |
| १३ | कक्षा शिक्षणपछि शिक्षकको बोलि, स्वभाव<br>o रुखो/रिसाह<br>o नम्रा/स्वभावशाली<br>o गाली गर्ने/नगर्ने<br>o धन्यावाद प्रकट | |
| १४ | शिक्षकको कक्षाकोठामा विद्यार्थीहरुको<br>o सक्रियता स्विकार गर्ने/नगर्ने<br>o विद्यार्थीको विचारमा कदर गर्ने/नगर्ने<br>o कक्षामा विद्यार्थीसँग छलफल गर्ने/नगर्ने | |

## तालिका १

## विद्यालयमा दण्डको अवस्था

| क.स. | विवरण | प्र.अ. (३) | शिक्षक (९) | विद्यार्थी (१६) | अभिभावक (१६) | जम्मा (४४) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा सधै ढिलो आएमा, विध्वासात्मक कार्य गरेमा, कक्षाकार्य र गृहकार्य नगरेमा कापी, किताव र कलम नलिएर आएमा । | ३ | ९ | १२ | १० | ३४ |
| २ | विषयवस्तुप्रति ध्यान नदिएमा, कक्षामा बढी हल्ला गरेमा, कक्षामा कम उपस्थित भएमा, प्रश्न सोध्दा नजानेमा, पढनमा कमजोर भएमा | - | ७ | १४ | - | २० |
| ३ | शिक्षकले भनेको नमानेमा कक्षा नियन्त्रण गर्न कक्षामा अनुशासित तथा शान्त राख्न | - | - | ८ | १३ | २१ |